# नेवाः समुदायको मातृ-भाषा बोलिने संख्यामा ऱ्हास आउनुको कारणहरु : एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

शोधकर्ता :

रश्मी बज्राचार्य

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र, केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौं ।

२०७२

**त्रिभुवन विश्वविद्यालय**
**सामाजिक शास्त्र ससंकाय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं ।**

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा रश्मी बज्राचार्यले **"नेवाः समुदायको मातृ-भाषा बोलिने ससंख्यामा ऱ्हास आउनुको कारणहरु : एक समाजशास्त्रीय अध्ययन"** शिर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै शोधपत्रको अन्तिम मुल्यांकनको लागि शोधपत्र मूल्यांकन समिति समक्ष सिफारिस गर्दछु ।

...........................................

**स. प्रा. डा. टिकाराम गौतम**

(शोध निर्देशक)

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर

मितिः

**त्रिभुवन विश्वविद्यालय**
**सामाजिक शास्त्र ससंकाय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं ।**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्न मानविकी तथा सामाजिक शास्त्र संकाय् अन्तर्गत समाजशास्त्र केन्द्रीय विभागको छात्रा रश्मी बज्राचार्यद्वारा गरिएको **"नेवाः समुदायको मातृ-भाषा बोलिने ससंख्यामा ऱ्हास आउनुको कारणहरु : एक समाजशास्त्रीय अध्ययन"** विषयक शोत्रपत्र उपाधि प्राप्तिको लागि उपयुक्त भएकोले मूल्यांकन समितिद्वारा स्वीकृति प्रदान गरिएको छ ।

<u>**सोधपत्र मूल्यांकन समितिः**</u>

**प्रा. डा. तुलसीराम पाण्डे**
(विभागिय प्रमुख) ............................

**स. प्रा. डा. टिकाराम गौतम**
(शोध निर्देशक) ............................

**डा. मनहरि ढकाल**
(बाहृय परीक्षक) ............................

मितिः

# आ´नो मन्तव्य

म सामाजिक संकाय, समाजशास्त्र केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पसका समाज शास्त्रको विद्यार्थी भएको र अध्ययन पूरा गरे पछि त्रि.वि.वि.मा सोधपत्र पेश गर्नका लागि **"नेवाः समुदायको मातृ-भाषा बोलिने ससंख्यामा ऱ्हास आउनुको कारणहरु : एक समाजशास्त्रीय अध्ययन"** विषयक सोधपत्र अनुसन्धान गरी पेश गर्न दिए अनुसार मैले विभिन्न किसिमका अध्ययन सामाग्रीहरु पुस्तक, ग्रन्थ, सोभिनियर, पत्र–पत्रिका संकलन गरी अध्ययन गरिएको र विभिन्न क्षेत्रका बुद्धिजीवी, इष्टमित्रले अध्ययन सामाग्रीहरु उपलव्ध गराई मलाई निरन्तर रुपमा प्रोत्साहन गराई यो शोधपत्र (थेसिस) तयार गर्न सहयोग गरेको हुंदा मा उहाहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै यो शोधपत्र लेख्नको लागि सुझाव तथा निर्देशन गरी अमूल्य सल्लाह, सुझाव दिनु हुने यस त्रि.वि.वि. समाज शास्त्र विभागका स.प्रा.डा. श्री टिकाराम गौतम सरज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद !**

**रश्मी बज्राचार्य**

कुलेश्वर, काठमाडौं ।

# बिषय ससूची


| | | पाना नं. |
|---|---|---|
| | **सिफारिस पत्र** | **ख** |
| | **स्वीकृति पत्र** | **ग** |
| | **आ´नो मन्तव्य** | **घ** |
| | **विषय सूची** | **ङ** |
| | **तालिकाको सूची** | **छ** |
| | **अध्याय - एक** | |
| | **परिचय (अध्ययनको पृष्ठभूमि)** | १-१७ |
| १.१ | नेवाः समुदायको परिचय | १ |
| | १.१.१. विषय–प्रवेश | १ |
| | १.१.२. “नेपाल” र “नेवाः” को अन्तर सम्बन्ध | ५ |
| | १.१.३. नेवाः शब्द : उत्पत्ति र विकास | ९ |
| १.२ | मातृ-भाषा/भाषा | ११ |
| १.३ | नेवाः र नेवारी भाषा | १३ |
| १.४ | अनुसन्धान समस्या | १५ |
| १.५) | अध्ययनको उद्देश्य | १६ |
| १.६ | अध्ययनको महत्व | १७ |
| | **अध्याय - दुई** | |
| | **स्साहित्य समिक्षा** | **१८-३०** |
| २.१ | मातृ-भाषा र भाषा | २४ |
| २.२ | मातृ-भाषा ऱ्हास आउनुको कारक तत्व | २६ |
| २.३ | नेवाः समुदायमा भाषिक स्थिति | २९ |
| २.४ | नेवाः समुदायको जनसंख्या | ३० |

२.५ नेवाः समुदायमा मातृ-भाषा बोल्ने प्रतिशत ३०

२.६ नेवाः समुदाय भित्र मातृ-भाषा नबोल्ने प्रतिशत ३०

**अध्याय - तीन**

**अनुसन्धान विधि** ३१-३८

३.१ अध्ययन क्षेत्रको छनोट ३१

३.२ तथ्यांक संकलन स्थलगत अध्ययन ३२

३.३ सकंलित सूचना एवं सामाग्रीहरुको समिक्षा ३८

३.४ सान्दर्भिक अध्ययन सामाग्रीहरुको समिक्षा ३८

**अध्याय - चार** **३९-४७**

४.१ अध्ययन क्षेत्रको सामान्य परिचय ३९

४.२ नेवाः समुदायको भाषिक स्थिति ४४

४.३ भाषामा ञ्हास आउनुको कारण ४६

४.४ नेपाल सरकारको भाषा नीति ४७

**अध्याय - पांच**

**सारांश/निष्कर्ष** **४९**

५.१ सारांश र निष्कर्ष ४९

**सन्दर्भ सामाग्री**

**अनुसूची**

**परिशिष्ट**

# तालिकाकोस सूची


| तालिका नं. | तालिकाको नाम | पृष्ठ |
|---|---|---|
| तालिका १ : | नेवाः समुदायको जनसंख्या र मातृ भाषा बोल्ने तथ्यांक | ३४ |
| तालिका २ : | कीर्तिपुर नगरपालिकाको मातृभाषाका आधारमा जनसंख्याको विवरण | ३५ |
| तालिका ३ : | कीर्तिपुर नगरपालिकाको जात/जातिहरुको आधारमा जनसंख्याको विवरण | ३६ |
| तालिका ४ : | कीर्तिपुर नगरपालिकाको वडाका आधारमा घरधूरी र जनसंख्याको विवरण | ४२ |
| तालिका ५ : | अर्न्तवार्ता लिइएका प्रवुद्ध व्यक्तिहरु | ५६ |

# अध्याय - एक

# परिचय (अध्ययनको पृष्ठभूमि)

## १.१ नेवाः समुदायको परिचय

### १.१.१ विषय-प्रवेश

प्राचिन समयमा नेपाल उपत्यका (हाल काठमाण्डौं उपत्यका) एउटा ठूलो तलाउको रुपमा रहेको थियो भन्ने कुरा यसको भौगोलिक बनावटबाट नै स्पष्ट हुन आउाछ । काठमाडौंको चोभारको गल्छी फुटी तलाउको पानीले निकास पाए पश्चात मात्र यहाा मानवबस्तीको विकास भएको आभाष पाइन्छ । भनिन्छ ग्वाला/गोपालीहरु (मधेश/तराइको शब्दमा आभीर/आहिर/यदुवंशी यादव) ले पहिलो वस्ति बसाली उनीहरु मध्यबाट नै भुक्तमान भन्ने व्यक्तिले यस ठाउाको पहिला राजा भई शासन गरेका थिए । यहि गोपालीहरुको वंशलाई नै वंशावलीहरुमा गोपालवंशी (गाइ पालकहरुको वंश) भनिएको पाइन्छ । सबभन्दा पहिला राजा भएका भुक्तमान सहित यस वंशका जम्मा ८ जना राजाहरुले राज्य गरेका थिए । गोपालवंश पछि अहिर वंशी/महिषपाल वंशी (भैंसी पालहरुको वंश) ३ जना राजाहरुले राज्य गरेका थिए । यी गोपाल र अहिर/महिषपाल वंशका सन्तानहरु नै नेवाः समुदायका वर्तमान 'सापु' (गाई पालक) र 'मेपु' (भैंसीपालक) हुन भन्ने कुराको सजिलै विश्वास गर्न सकिन्छ । (श्रेष्ठ, २०६६)

गोपाल र महिषपाल/अहिरवंशी राजाहरु पछि किरातहरुको एउटा शाखाले नेपाल उपत्यकाको शासन आफ्ना हातमा लिए । किरात वंशको २९ जना राजाहरुले राज्य गरेका थिए । त्यसपछि क्रमशः लिच्छवी, वैशठकुरी, मल्ल इत्यादि वंशका राजाहरुले तत्कालिन नेपालमा राज्य गरेका थिए । यी सबै वंशजहरु र तत्कालिन अन्य निवासीहरुको सन्तानहरु नै वर्तमान नेवाः समुदायका अभिन्न अंगको रुपमा विद्यमान रहेको पाइन्छ । यसै विषय वस्तुलाई विस्तृत रुपमा चर्चा गरी नेवाः समुदायको पहिचान र पृष्ठभूति स्पष्ट गर्ने जमर्को यस परिच्छेदमा गरिएको छ । यस्तो पहिचान र पृष्ठभूमि स्पष्ट गर्न निम्न बुादाहरुको आधारमा चर्चा गर्ने प्रयास गरिने छ । (श्रेष्ठ, २०६६)

- ‘नेपाल’ र ‘नेवाः’ को अन्तर सम्बन्ध
- ‘नेवाः’ शब्दको उत्पत्ति र विकास
- नेवाः समुदायको बनावट र पृष्ठभूमि
- नेवाः समुदायको नश्ल, सभ्यता र संस्कृति, भाषा एवं साहित्य

नेवाः समुदाय भनेको एक किसिमको समाज हो । समाजशास्त्रको दृष्टिकोणले समाज भनेको सामाजिक सम्वन्धको जालो हो । समाज वा संस्कृति भित्रका विभिन्न भागहरुको आ-आफ्नै प्रकार्य हुन्छ । समाज वा समुदाय भित्र परम्परा, चाल-चलन, रिति-रिवाज, मूल्य मान्यता, धर्म, रिति-स्थिति चाडपर्व आदि सामाजिक वा सांस्कृतिक प्रणाली भित्रका छन् । व्यक्ति, मूल्य-मान्यता, चाडपर्व, धर्म, भाषा, शिक्षा आदिको विकास यस कारण नेवा समुदायको रिति रिवाज, आर्थिक, सामाजिक, धार्मिक, भाषिक आदि कुराहरु समाज शास्त्र संग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । समाज वा संस्कृति भित्रका विभिन्न भागहरुको आ-आफ्नै प्रकार्य हुन्छ । समाजका भागहरुले गर्ने प्रकार्यबाट नै उक्त समाज/समुदाय अस्तित्वमा रहन्छ । समाजशास्त्र विधा अर्न्तगत जातियता र जातिय पहिचान भन्ने वित्तिकै कुनै जातिय समुदायको आफ्नो भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक, राजनैतिक पहिचान समेतलाई बुझाउछ । नेवार समुदायको परिचय, पर्यावरण उपत्यकाको भौतिक अवस्थिति, इतिहास, किंवदन्तीका साथै विभिन्न शासनकाल र नेवाः शब्द र सांस्कृतिक परिवेशको चर्चा गरिएको र विभिन्न जनजातीका समूहहरुको बासस्थानका रुपमा नेपालको पहाडी भूभाग प्रसिद्ध रहेको देखिन्छ । नेवाःहरु अन्य मंगोल शारिरीक बिशेषताहरु भएका समूहहरु भन्दा फरक पहिचान भएका, छुट्टै भाषिक पहिचान भएका र विशेष गरी काठमाण्डौं उपत्यकालाई जन्म थलो बनाएर बसोबास गरेका देखिन्छ ।

देशको अन्य भागहरुको इतिहास भन्दा काठमाडौं उपत्यकाको इतिहास केहि प्रष्ट देखिन्छ । त्यस समयमा नेपाल उपत्यका सिंगो देशलाई नभएर काठमाण्डौं उपत्यका वा नेपालमण्डललाई मात्र नेपाल भन्ने गर्दछ । काठमाण्डौं उपत्यका चारैतिर पहाडले घेरिएर बनेको उपत्यकाका सतह कहि समथल र कहि उबदखावद रहेको छ । उपत्यका भित्र बाग्मति, विष्णुमति नदीहरु र हनुमन्ते, मनोहरा आदी खोला,  नाला रहेका छन् । अन्य भागहरु भन्दा उपयुक्त हावापानी, मनसुनी वर्षा हुने, उब्जाउशिल जमिन, भारी वर्षा, मूल्यवान जंगल आदी कुराले गर्दा उपत्यकाको विशिष्ट पहिचान भएको देखिन्छ र यस

उपत्यकामा नेवाः जातीको जन्मथलो रहेको छ । यसकारण यो जनजाती, आदिवासीको भूमिपुत्र कहलाउछ भनिन्छ ।

नेवाः समुदाय भित्र विभिन्न जात/जनजातीहरु छन् । यिनीहरु शिव/हिन्दु मार्गी र बौद्ध मार्गी दुबै जाती छन् । अलग अलग धर्म संस्कृति भएतापनि दुबै जाती एक आपसका मिलेर बसेको पाइन्छ । शैव/हिन्दु मार्गीहरुको पुरोहित द्यौभाजु/राजोपाध्याय ब्राम्हण हुन् भने बौद्धमार्गीको गुभाजु/गुरुजु वा बज्राचार्य पुरोहित मान्दछन् । नेवाः समुदाय भित्र अनेक जात/जाती रहेको हुंदा जात थरलाई व्यवस्थित गर्न राजा जयस्थिति मल्लले समाजलाई चार वर्ण ६४ जातहरुमा विभक्त गरेका थिए । उनले विभिन्न पेशा अनुसार जातको विभाजनको आधार हिन्दु दर्शनलाई बनाएका थिए । शैव मार्गी/हिन्दु मार्गीको हिन्दु वर्णानुसार जातको व्यवस्था गरेका थिए । त्यस्तै बौद्ध मार्गीहरुको पनि जाती व्यवस्थाको विकास भएको पाइन्छ ।

नेवाः समाजमा विभिन्न चाडपर्वहरु रहेके त्यस्तै विभिन्न प्रकारका गुठीहरु मनाउने गर्दछ । देवाली गुठी, फुकी गुठी आदि गुठी समाजमा महत्वपूर्ण मानिन्छ र नेवाः समाजका यी सम्पूर्ण सामाजिक सम्वन्धको सञ्जाललाई विभिन्न गुठी, पर्व, चाडवाडले एक शुत्रमा बांधी मजबूत तुल्याएको छ । साथै नेवा समुदाय भित्र जन्म देखि मृत्यु सम्म हुने अनेक कर्मकाण्ड गर्ने चलन अन्य कुनै पनि जातमा पाइन्दैन् । नेवाः समुदायलाई एकिकृत रुपमा बलियो बनाउने यी चाडपर्व, कर्मकाण्डको विशेषता रहेको छ । (नेपाली, १९६५)

समाजशास्त्रको सिद्धान्त अनुसार नेवाः समुदाय एउटा व्यक्तिका जन्म देखि मृत्यु सम्म विभिन्न किसिमका संस्कारहरु रहेको पाइन्छ । यस्ता संस्कारहरु कुनै खुशियाली सित सम्वन्धित छन् भने कुनै दुःखको समयमा गरिने संस्कारहरु छन् । नेवार समाजमा जातिय व्यवस्था कायम राख्न चाडपर्व आदिले उक्त समाजको एकताका लागि प्रकार्य छन् ।

त्यस्तै प्राचिन लिच्छवीकाल देखि नेपाल उपत्यकामा ब्राम्हण वर्ग वसोवास हुंदै आएको छ । मध्यकालमा विभिन्न थरीका ब्राम्हण, उपाध्याय, मिश्र, झा आदि भारतबाट नेपालमा बसाईसराई गरि बसोबास गर्न आएका थिए । त्यस्तै चक्रवर्ती, भट्टाचार्य, भट्ट ब्राम्हणहरु जस्ता थरहरु आदि नेवार ब्राम्हणको रुपमा रुपान्तरण भएका थिए । नेवार उपाध्याय ब्राम्हणहरुलाई राजोपाध्याय पुरोहितमा रुपान्तरण भएका थिए । उनीहरु मल्लकालमा राज पुरोहित, राजगुरुको रुपमा कार्यरत रहेका थिए । त्यस्तै बौद्ध

धर्मावलम्वीहरुमा सबै भन्दा उच्चस्तरमा पर्ने बज्राचार्य/गुभाजु वर्ग पुरोहितको रुपमा कार्य गर्दछन् । यसरी नेवार समुदायको ब्राम्हण वर्गले नेपालमा ज्ञान र विज्ञानको परम्परा कायम राख्नुको साथै सांस्कृतिक, धार्मिक क्षेत्रमा समेत महत्वपूर्ण देनहरु दिएका छन् । (रेग्मी, २०३५)

### १.१.२. “नेपाल” र “नेवाः” को अन्तरसम्बन्ध

‘नेपाल’ शब्दको बनावट र विकासको बारेमा विभिन्न विद्वानहरुद्वारा विभिन्न किसिमका सिद्धान्तहरु प्रतिपादन गरिएको पाइन्छ । त्यस्ता केहि सिद्धान्तहरु निम्नानुसार छन्ः–

डिल्ली रमण रेग्मीको भनाइ अनुसार “नीप” र ‘आलम’ दुई शब्दहरुको समिश्रणबाट नेपाल शब्द बनेको हो । ‘नीप’ को अर्थ ‘आलम’ को अर्थ हो ‘ठाउा’ । प्राचिनकालमा नेपाल उपत्यका एउटा ठूलो तलाउको रुपमा रहेको र पानीले भरिएको त्यस्तो तलाउको पानी सकिसकेपछि मानवबस्तीको विकास भएकोले नै त्यस्तो ठाउालाई ‘नेपाल’ नामाकरण गरिएको हो । (मल्ल, ११२०)

क्रिस्तान लासेन ९ऋजचष्कतबल ाबककभल० को विचारमा ‘नीप’ को अर्थ हो ‘जंगलमुनि’ र ‘आलम’ को अर्थ हो मानिसहरुको वस्ती । प्राचिन कालमा नेपाल उपत्यकामा घना जंगल भएको र त्यसै जंगलमुनिको वस्ती नेपाल उपत्यकामा भएकोले नै यस ठाउाको नाम नेपाल हुन गएको हो ।

“ने” को अर्थ मध्य र “पा” को अर्थ देश हो र हिमश्रृङखलाको मध्य भागमा रहेको देश भएकोले “नेपा” (नेपाल भाषामा) नामाकरण भएको र “नेपा” को संस्कृतिकरण भई “नेपाल” शब्दको विकास भएको हो ।

‘ने’ नामक मुनि (ऋषि) द्वारा पालित एवं पोषित देश भएकोले ‘नेपाल’ नाम रहेको हो भन्ने विचारधारालाई हिन्दूधर्मावलम्बीहरुले मान्दै आएका छन् । साथै ‘ने’ मुनिलाई आदिबुद्धको रुपमा चित्रण गरी उनीद्वारा पालित एवं पोषित देश भएकोले ‘नेपाल’ नाम रहन गएको हो भन्ने कुरामा विश्वास गर्ने बौद्ध धर्मावलम्बीहरु पनि रहेको पाइन्छ ।

नेवाः समुदायको पुर्खाहरुको प्राचिन भाषा (भोट-बर्मेली भाषिक परिवारको भाषा) मा गाईभैंसीलाई “डहे” भनिने र पालन गर्ने व्यक्तिलाई “पा” भनिने र डेहपा (गाईभैसी पालन गर्ने गोपाली र महिषपालवंशी समूह)शब्दबाट नै नेपा (संस्कृत रुप नेपाल) भएको हो । अर्को शब्दमा भन्ने हो भने गाई भैंसी पाल्ने जाति (गोपाली र महिषपालीहरु) को भाषाको शब्द

डहेपाको अप्रभंसित रुप “नेपा” र त्यसको संस्कृत रुप नै नेपाल हो । ‘डेहे’ बाट ‘ने’ र ‘पा’ बाट पालमा रुपान्तर भई ‘नेपाल’ भएको हो ।

जे भएता पनि ‘नेपाल’ शब्द विभिन्न प्राचिन ग्रन्थहरु (स्वयम्भु पुराण, पशुपति पुराण, नेपाल महात्म्य इत्यादि) मा उल्लेख गरिएको पाइन्छ । र यो शब्द नेवाः समुदायसित घनिष्ट रुपले सम्बन्धित रहेको पाइन्छ । “नेपाल” शब्दसित घनिष्ट रुपले सम्बन्धित समुदाय नेवाःहरु मात्र हुन् भन्ने कुरा इतिहासकार डिल्लीरमण रेग्मीले स्वीकार गर्नु भएको छ । प्रसिद्ध इतिहासकार बाबुराम आचार्यको भनाइ अनुसार ‘नेवाः’ शब्दको मुलरुपको शब्द ‘नेपार’ हो । ‘नेपार’ शब्द जातिवचाक र देश वाचक शब्दको रुपमा प्रयोग गरिन्थ्यो । ‘नेपार’ बाट अप्रभंस भई ‘नेवाल’ भएको र ‘नेवाल’बाट पनि अप्रभंस भई जातिवाचक शब्द ‘नेवाः’ हुन आएको हो । उक्त नेपार शब्दबाट नै ‘नेपाल’ शब्दको श्रृजना भएको हो । यस अर्थमा ‘नेवाः’ शब्दलाई ‘नेपाल’ शब्दकै समानार्थी शब्द मान्न पनि सकिन्छ ।

देशवाचक शब्दको रुपमा ‘नेपाल’ भन्ने शब्दको प्रयोग सबभन्दा पहिले स्पष्ट रुपमा भारतको मौर्य सम्राट चन्द्रगुप्त (ई.पूर्व ३२१-२९७) को प्रसिद्ध मन्त्री आचार्य कौटिल्यद्वारा ई.पूर्व. ३ सय वर्ष जाति पहिले लेखिएको ‘अर्थशास्त्र’ नामक ग्रन्थमा उल्लेख गरिएको थियो । त्यसवेला विहारको तत्कालिन बोलचालको मागधी समूहको प्राकृत भाषामा ‘र’ को सट्टामा ‘ल’ प्रयोग हुने भएकोले मगध राज्यको राजधानी पाटलीपुत्रमा लेखिएको उक्त ग्रन्थमा मागधी भाषाको उच्चारण अनुसार ‘नेपार’ को सट्टामा ‘नेपाल’ लेखिएको थियो । त्यस्तै सम्राट समुद्र गुप्त (ई.सं. ३३४-३४५) को इलाहावादको स्तम्भमा पनि देशवाचक शब्दको रुपमा ‘नेपाल’ शब्द किटानका साथ प्रयोग गरिएको पाइन्छ । (श्रेष्ठ, २०६६)

जे भएतापनि ‘नेपाल’ शब्दको उत्पत्ति र विकासको प्रक्रियामा नेवाः समुदायको गहिरो संलग्नता रहेको पाइन्छ । वास्तवमा ‘नेपाल’ र ‘नेवाः’ शब्दहरु घनिष्ट रुपमा नै अन्तर सम्बन्धित छन् । त्यसैले इतिहासकार जगदीश चन्द्र रेग्मीले भन्नु भएको : “जातिवाचक नेवाः नाम देश वा राष्ट्रवाचक नेपालकै व्यवहारिक रुप हो ।” अर्को इतिहासकार बालचन्द शर्माले पनि नेपाल र नेवाः घनिष्ट रुपले अन्तरसम्बन्धित भएको कुरा स्वीकार गर्नुको साथै नेपालका निवासीहरुलाई नै ‘नेवाः’ भनिएको कुरा उल्लेख गर्नु हुादै भन्नु भएको छः “नेवाः शब्दको व्युत्पत्ति यस जातिको मूल निवास स्थल “नेपाल” बाटै गर्न सकिन्छ । इङ्गलैण्डका निवासी इंग्लिस र अफगानिस्ताका निवासी अफगान भएझैं नेपालका

निवासी नेवाः अथवा नेवा हुनुमा केहि शंका गर्नु पर्दैन । वास्तवमा प्राचिन नेपालको लिच्छवीकालमा 'नेपाल' शब्दलाई देशवाचक शब्दको रुपमा मात्र प्रयोग नगरी जातिवाचक शब्दको रुपमा समेत प्रयोग गरिएको पाइन्छ । यो कुरा हालको नेवाः समुदायको पुर्खाहरु गोपालीहरुको मूलथलो मानिएको टिष्टुङमा इं.सं. ५१२ मा लिच्छवी राजा वसन्त देवले स्थापना गरेको शिलालेखमा प्रयोग गरिएको शब्द 'स्वस्ति नैपालभ्य' (नेपालहरुको भलो होस्) बाट स्पष्ट हुन्छ । स्थानीय जातिका व्यक्तिहरुलाई सम्बोधन गर्न नै उक्त शब्द ( नैपालभ्य) प्रयोग गरिएको थियो । त्यस्तै किसिमको सम्बोधन बसन्तदेव र अशुंवर्माको टिष्टुङ र भटुवल (टिष्टुङबाट १ किलोमिटर जतिको दूरीमा रहेको) मा पाइएको इं.सं.६१६ तिरको दुईवटा शिलालेखहरुमा पनि उल्लेख गरिएको छ । समग्रमा भन्ने हो भने 'नेवाः' समुदाय नेपाल देशसित प्राचिनकालदेखि नै अति घनिष्ट रुपले सम्बन्धित हुादै आएको कुरा स्पष्ट हुन्छ । वास्तवमा डोरबहादुर विष्टले भन्नु भएजस्तै देशको नाम "नेपाल" नै "नेवाः" शब्दबाट आएको वा नेवाः भन्ने शब्द नै देशको नाम (नेपाल) बाट आएको हो । (बज्राचार्य र राणा, २०१४)

त्यस्तै फ्रेन्च इतिहासकार लेभीले पनि "नेपाल" र नेवाः वीचमा घनिष्ट रुपले अन्तरसम्बन्धित भएको कुरा स्वीकार गर्दै लेख्न भएको छ : ूभ्ष्तजभच ल्भधबच मभचष्खभक ष्तक यचष्नष्ल ाचयब तजभ धयचम ल्भउबबि यच तजबत ल्भउबबि यधभक यल तजभ अयलतचबचथ जभच लकभ तय तजभ क्बलकपचष्त बमबउतबतष्यल या तजभ यिअर्बा भतजलष्अ लकभ ९ल्भधबचष्0ू भारतीय इतिकासकार सुनीतिकुमार चटर्जीले पनि भन्नु भएको छ : ूक्ष्त धयगमि बउउभबच, जयधभखभच, तजबत तजभ लकभ ल्भउबबि अकभ ाचयब तजबत या ब त्ष्दभतय(द्यगच्कबल ९बिलनगबनभ० कउभबपष्लन तचष्दभ तजभ बलअभकतयचक या तजभ उचभकभलत मबथ ल्भधबच उभयउभ्ू । वास्तवमा नेपाल र नेवाः दुवै शब्दहरु नेपार शब्दको नै अपभ्रंसित रुपहरु भएकोले नेवाः र नेपालको घनिष्ट रुपले अन्तर सम्बन्धित भएका हुन् । अतः नेपाल उपत्यका र वरपरका क्षेत्रहरुमा अति प्राचिनकाल देखि नै नेवाःहरुकै वस्ती रहादै आएकोमा कुनै शंका गर्ने ठाउा छैन । ब्रकु नर्देले ठिकै भन्नु भएको छः "नेपाल खाल्डोको जनता नेवाः हो" । त्यस्तै टोनी हेगेनले भन्नु भएको छः- "नेपाल उपत्यकामा बस्ती बसाली बसोवास गर्ने पहिलो जनसमुदाय हो नेवाः । ९तजभ ल्भधबचक धभचभ तजभ ाष्चकत उभयउभि तय कभततभि तजभचभ ष्ल तजभ ल्भउर्बा ख्बाभिथ०। (हेगन, १९७१)

त्यसबेला नेपाल भन्नाले हालको काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरुलाई मात्र जनाउाथ्यो । जे भएता पनि नेवाः समुदायसित घनिष्ट रुपले सम्बन्धित नेपाल शब्दले

प्राचिनकाल देखि नै एउट पृथक देशको पहिचान दिइआएकोमा कुनै शंका छैन । वास्तबमा तत्कालिन गोरखा राज्यको विस्तारिकरण पश्चात विस्तारित राज्यको नाम “गोरखा” राख्न गरिएको पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरुको प्रयास असफल भएको कुरा इतिहासबाट नै पुष्टि हुन आउछ । ‘नेपाल’ सधै नेपाल नै रहि रह्यो । बरु ‘नेपाल मण्डल’ ( नेपाल राष्ट्र) भन्ने देशवाचक शब्द भने प्राचिनकालदेखि मध्यकालसम्म प्रचलनमा रहेको पाइन्छ । “नेपाल मण्डल” भन्ने शब्द लिच्छवी राजा जयदेव (इं. सं. ७१३-७३३) को अभिलेखमा सर्वप्रथम उल्लेख गरिएको पाइन्छ । “नेपाल मण्डल” भन्नाले मल्लकालिन कान्तिपुर, भक्तपुर, ललितपुर र दोलखाको संयुक्त क्षेत्रलाई जनाउथ्यो र नेपाल मण्डल भित्रको प्रत्येक राज्यको आ-आफ्नै प्रभाव क्षेत्रहरु समेत रहेका थिए । यस्तो तत्कालिन नेपाल मण्डल क्षेत्र भित्र हालको १२ वटा जिल्लाहरु १. काठमाडौं २. भक्तपुर ३. ललितपुर ४. धादिङ ५. रसुवा ६. दोलखा ७. रामेछाप ८. सिन्धुली ९. काभ्रे १०. सिन्धुपालचोक ११.नुवाकोट र १२. मकवानपुर पर्दछन् । ती जिल्लाहरुको क्षेत्रफल करिब १८,७४२ वर्ग कि.मी. (वर्तमान नेपालको जम्मा क्षेत्रफलको १२.७० प्रतिशत) ओगटेको पाइन्छ । समग्रमा “नेपाल” शब्दको उत्पत्ति र विकाससित नेपाल समुदाय सगा घनिष्ट रुपले सम्बन्धित रहेको कुरा स्पष्ट हुन आउछ । (तमोट, २०६४)

### १.१.३. नेवाः शब्द : उत्पत्ति र विकास

'नेपाल' नामको श्रृजना एवं विकासको सन्दर्भमा माथि उल्लेखित गरिएका विभिन्न सिद्धान्तहरु प्रतिपादन गरिए भैंफ 'नेवाः' शब्दको उत्पत्ति र विकासको बारेमा पनि विभिन्न सिद्धान्तहरु प्रतिपादन गरिएको पाइन्छ ।

नेवाहरु दक्षिण भारतको मालवा समुद्री किनारामा अवस्थित 'नायर' भन्ने स्थानबाट नेपाल उपत्यकामा आएको र 'नायर' भन्ने स्थानवाचक शब्दको अप्रभ्रंस भई 'नेवाः' भन्ने शब्दको श्रृजना भएको हो भन्ने भनाइ रहेको छ । साथै नायर निवासीहरु र नेवाःहरुको केहि रितिरिवाजहरुमा समेत केहि समानता रहेको पाइन्छ । यस्तै एउटा वंशावलीमा पनि "नायर भन्याको देश(को) निवासी नेवारहरु भया" भनि उल्लेख गरिएको पाइन्छ । यो सिद्धान्त धेरै समय अघिदेखि बौद्धिक वर्गमा चर्चाको विषय बन्दै आएको छ । (राजभण्डारी)

माथि उल्लेख गरिए झैं 'नेवाः' भन्ने शब्द देशवाचक र जातिवाचक शब्द 'नेपार'बाट अप्रभंस भई क्रमश : नेबार र नेवाः भएको र 'नेवाः' शब्दले भने जातिवाचक शब्दको रुप लिएको पाइन्छ । तामाङ भाषाको 'न्यार्वा' शब्द 'नेवाः' शब्द कै संक्षिप्त रुप हो ।

नेवाःहरु (विशेषतः हिन्दु वर्ग) राजस्थानको 'निवाङ' भन्ने स्थानबाट आएको र कर्णाटक वंशी नान्यदेव यिनीहरुको पुख्यौली पुरुष हो भन्ने विचार श्रेष्ठ मल्लले व्यक्त गर्नु भएको छ । त्यस्तै कुलचन्द्र कोइरालाले पनि नेवाः राजा जयस्थिति मल्लका सन्तानहरु कर्णाटकवंशी नान्यदेव वंशजहरुको पुत्रिका पुत्रहरु भएको र उनीहरु रघुवंशी माण्डव गोत्रका भएको कुरा स्वीकार गर्नु भएको छ ।

कुनै समयमा नेपाल उपत्यकामा बस्ने जुनसुकै जातजातिका लागि प्रयोग गरिने शब्द थियो 'नेवाः' । नेपाल उपत्यकाबाट सन् १६०५ मा राजा रामशाहको समयमा व्यापार गराउने उद्देश्यले गोरखा लागिएका नेवाःहरुले नै सबभन्दा पहिले उपत्यका निवासीहरुलाई जातिवाचक शब्दको रुपमा नेवाः शब्द प्रयोग गरेका थिए भन्ने मत पनि रहेको पाइन्छ । तत्पश्चात सन् १६५४ मा राजा प्रताप मल्लले आफ्नो लायकु (राजुदरवार) मा राख्न लगाएको शिलालेखमा नेवाः भाषा (नेपाल भाषा) को लिपिको सन्दर्भमा 'नेवाः' भन्ने शब्द प्रयोग गरेका थिए । त्यसरी नेवाः शब्द प्रयोग हुनु पूर्व तत्कालिन "नेपाल" का

निवासीहरुलाई क्रमशः "नेपार" र "नेपाल" शब्दहरु नै जातिवाचक शब्दको रुपमा प्रयोग गरि सम्बोधन गरिन्थ्यो भन्ने कुराको अनुमान गर्न सकिन्छ ।

नेवाः कुनै जात मात्र होइन । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जस्ता चारै वर्णहरु सहितको एउटा समुदाय हो, नेवाः नेपाल राष्ट्रसित अति घनिष्ट रुपले प्राचिनकाल देखिनै सम्बन्धित रही आएको आदिबासी एवं भूमिपुत्र हो नेवाः । यो जनजाति पनि हो । यसको आफ्नै स्वतन्त्र पहिचान रहि आएको छ ।

'नेवाः' एउटा भूमिपुत्र/आदिवासी, जनजातिको समुदाय मात्र होइन । वास्तविक रुपमा यो आफैमा एउटा 'राष्ट्र' पनि हो । यस तथ्यलाई डिल्लीरमण रेग्मीले समेत स्वीकार गर्नु भएको छ ।

## १.२ मातृ-भाषा/भाषा

इतिहासविद् बाबुराम आचार्यको भनाइ अनुसार वर्तमान नेवाः समुदायका पुर्खाहरु -गोपाल र महिषपाल वंशीहरु) सुरुमा अनार्य भएता पनि राज्य सत्ता प्राप्त गरे पश्चात् आर्य सरह नै भएका थिए । उनीहरुको आभीर भाषा नै वर्तमान नेपाल भाषा -नेवारी भाषा) को प्रारम्भिक रुप हुनु पर्दछ । पछि किरातहरुको शासन सत्ता आफ्ना हातमा लिए पश्चात उक्त भाषामा किरात भाषाको पनि प्रभाव पर्न गयो । किरातहरुबाट शासन सत्ता हत्याउन सफल भएका लिच्छवीहरुको शासनकालमा संस्कृत भाषा नै आधिकारिक रुपमा राजकीय भाषाको रुपमा रहेकोले उक्त भाषामा संस्कृत भाषाको पनि प्रभाव पर्न जानु अस्वभाविक होइन । ( आचार्य, २०५४, पृ.९-१३)

इस्वी सम्वतको प्रारम्भतिर कुती र केरुङ्गतिरका घाटीहरु खुले पश्चात् नेपालीहरुको तिब्बततिर आवतजावत बढ्न गएकोले नेपाल भाषामा तिब्बती भाषाको पनि प्रभाव पर्न गयो । त्यस्तै इतिहासको विभिन्न कालखण्डहरुमा नेपाल उपत्यकामा प्रवेश गरी बसोबास गरेका विभिन्न जातजातिका मानव समूहहरु (शाक्य, कोली, देब, मल्ल, विदेह, धोवी, दनुवार, थारु इत्यादि) ले बोल्ने भाषाका शब्दहरु पनि नेपाल भाषामा समाहित भएका हुनु पर्दछ । यसरी विभिन्न मानव समूहरुको भाषाहरुको प्रभावमा रही नेपाल उपत्यकामा विकास भएको एउटा मौलिक भाषा हो नेपाल भाषा । वास्तवमा चित्तधर हृदयज्यूले भन्नु भए जस्तै यो भाषा तिब्बत बर्मेली भाषिक समूहको मात्र नभई यो भाषा आफ्नै भाषिक परिवारको भाषा हो । यो भाषिक परिवार भित्र “खोप भाय” (भक्तपुरे नेवारी भाषा) बलामी भाय (बलामी नेवारी भाषा), दोलखा भाय (दोलखाली नेवारी भाषा) आदि पर्दछन् ।

माथि उल्लेख गरिए झैं “नेपाल” शब्द सुरु सुरुमा जातिवाचक शब्दको रुपमा पनि प्रयोग हुने गर्दथ्यो । जातिवाचक नेपालकै पर्याय रुपमा मध्यकालको चौधौं शताब्दि तिर नेपाल भाषा (नेपालहरुको बोल्ने भाषा) को नामाकरण भएको र पछि पृथ्वीनाराण शाहले नेपाल उपत्यकाको विजय गरे पश्चात सायद नेवारी भाषा पनि भन्ने प्रवृत्तिलाई बढी प्रोत्साहन गरेको हुनु पर्दछ । यो भाषालाई जुनजुन जाति वर्गले आ-आफ्नो मातृ-भाषाको रुपमा अंगिकार गरे ती ती जाति/वर्गहरुले नै नेवाः समुदाय/समाजको संरचना गरेका हुन् । नेपाल भाषा बोल्ने विभिन्न जात/जातिहरुले सामुहिक रुपमा नेवाः नाम पाएका हुन् ।

समग्रमा भन्ने हो भने वर्तमान नेवाः समुदायका पुर्खाहरु गोपाली र महिषपालीहरुको आभीर भाषामा तिब्बती वर्मेली भाषिक परिवारको किराती भाषाको पनि प्रभाव बढ्दै गएको र आमिर र किराती भाषाहरुको संमिश्रणबाट एउटा मौलिक भाषाको विकास भयो र यही भाषा नै आजको नेपाल भाषा (नेवारी भाषा) को मूल रुप हो भन्न सकिन्छ । (राजवंशी, २०५९)

वास्तवमा नेपाल भाषा एउटा समृद्ध भाषा हो । यो भाषाको शब्द भण्डार पनि विशाल छन् । कारण काठमाडौं र भक्तपुर बोल्ने शब्द फरक छन् भने काठमाडौं बोलिने भाषा सगं दाप्चा संग बोलिने भाषा संग फरक छन् । त्यस्तै दोलखामा बोल्ने भाषा संग पनि धेरै फरक छन् । यसकारण विभिन्न ठाउा अनुसार फरक फरक बोली र शब्द फरक हुनुका कारण नेपाल-भाषाको शब्द भण्डार पनि विशाल छन् भन्ने अनुमान लगाउन सक्छन् । यसै कारण काठमाडौं बोल्ने भाषालाई यो भाय्, भक्तपुरमा बोल्ने भाषालाई ख्वप भाय्, दोलखा तिर बोल्ने भाषालाई दोलखा भाषा भनि वर्गिकरण गरिएको छ । नेपाल भाषा ये यस्तो भाषा हो जुन ठाउा अनुसार फरक फरक शब्दबाट बोलिने गरिन्छ । यसै कारण यो भाषा समृद्ध भाषामा गणना गरिन्छ ।

विभिन्न काल खण्डमा नेवाःहरुले आफ्नो विभिन्न थरीका लिपीको विकास गरेको पाइन्छ । नेपाल-भाषा संग जोडिएको ८/९ थरीका लिपीहरु विकास गर्नु, चानचुने कुरा होइन् । यस समयका नेवाः समुदाय आफ्नो भाषा प्रति कति मायाा मोह छ भन्ने कुरा यी लिपीको विकासक्रमले स्पष्ट गर्दछ । यसरी प्राचिनकालमा विकास गरेको गोल्मोल, लित्तुमोल, पाचुमोल, क्वंमोल, हिंमोल, कुमोल, रञ्जना, भुजिंमोल र प्रचलित लिपी हुन् । तर विभिन्न प्रकारको लिपी भए तापनि विशेष गरी अभिलेख, ग्रन्थ, आदिमा भुजिंमोल लिपी, प्रचलित लिपी र रञ्जना लिपी बढी प्रयोगमा ल्याएको देखिन्छ ।

यसरी नेवाः समुदायले बोलिने नेपाल-भाषा, नेवारी पहिले देश भाषाको नामले व्यवहारमा ल्याएको छ । त्यसैले यो भाषा नेपाल मण्डलको सभ्यता संग जोडिएको छ ।

## १.३ नेवाः र नेवारी भाषा

नेपाल उपत्यका प्रवेश गरेका आर्यहरु (लिच्छवी, विदेह, कोली, शाक्य आदि) ले नेपाल भाषालाई राष्ट्र भाषाको रुपमा स्वीकार गरी यसमा आफ्नो आर्य भाषिक परिवारको भाषाका शब्दहरु मिसाउन थाले र यसबाट नेपाल भाषा क्रमशः श्रुतिमधुर हुदै गयो । तथापि यसमा साहित्यको भने विकास हुन सकेको थिएन । तसर्थ लिच्छवीकालमा नेपाल भाषालाई बोलीचालीको भाषामा मात्र सिमित गरी संस्कृत भाषालाई नै राजकीय एवं सम्पर्क भाषाको रुपमा प्रयोग गरिएको थियो । फलस्वरुप संस्कृत भाषाको अध्ययन गर्न स्थानीय निवासीहरु (नेवाः/नेपारहरु) बाध्य भए र नेपाल भाषामा संस्कृत भाषाको प्रभावमा अझ बृद्धि भयो । फलस्वरुप तिब्वेती-बर्मेली भाषिक परिवारको अन्य भाषाहरुको तुलनामा नेपाल भाषा बढी परिस्कृत र लोकप्रिय हुन गयो ।

नेवाःहरुको छोटो वर्णन र विवेचना गर्नु अगाडि नेवाः समुदायको विश्लेषण गर्नु आवश्यक देखिन्छ । मुलत नेवाः जाति एउटा मात्र जात जातिको मात्र नभई विभिन्न जात र जातिहरुहरुको समूह हुन् । त्यसैले नेवाःहरु विभिन्न समूहवाट बनेको एउटा समुदाय हुन् । प्रागऐतिहासिककाल तथा प्राचिनकाल तर्फ हेर्‍यौा भने नेपालमा आदिवासीको रुपमा नेवाः समुदाय देखा पर्दछ ।

प्राचिनकालमा नेपाल उपत्यका एउटा दहको रुपमा रहेको भनाई थियो । श्री महामञ्जुश्रीले नेपाल उपत्यकाको दहको पानी सबै चोभार डााडावाट बाहिर पठाई बस्ती बसालेको भन्ने भनाई रही आएको छ । यो काठमाडौं उपत्यकामा विभिन्न कालखण्डमा विभिन्न वंशले राज्य गरेको इतिहासमा लेखिएको पाइन्छ । उपत्यकामा पहिले गोपाल वंश, महिषपाल वंश, किरात वंश, लिच्छिवी वंश, मल्ल वंशले राज्य गर्‍यो । त्यस पछि मात्र शाहहरुले राज्य गरेको हुन् ।

नेवाः जाति विभिन्न जात र जातिहरुको समूह हुन् । त्यसैले नेवाःहरु एउटा जाति मात्र नभई विभिन्न जात, जातिको समूह भएकोले नेवाः समुदाय भनेका हुन् ।

नेवाःहरुको आफ्नो छुट्टै मौलिक भाषा, लिपी छन् र नेवाःहरुको रहन, सहन, भेष-भुषा छन् । नेवाःहरुको विभिन्न लिपी छन् । प्रचलित लिपी, भूजिमोल लिपी तथा रंजना

लिपी आदि लिपिहरु छन् । नेपालबाट रंजना लिपी र भाषा संयुक्त राष्ट्रमा आफ्नो देशको सदस्य राष्ट्र बन्न यो रंजना लिपीलाई नै पेश गरेको थियो, यो यथार्थ हो । किनभने देशको आफ्नो भाषा लिपी मौलिक हुनु पर्दछ । विदेश भाषा लिपीलाई नेपालको मौलिक लिपी हो भनेर मान्यता दिदैंन । यसकारण आफ्नो देशको भाषा लिपीलाई राष्ट्रले संरक्षण गरी राख्नु नितान्त आवश्यक छन् ।

नेवाःहरुको उत्पत्तिः “नेपाल” शब्द पर्यायवाची भएका छन् । इतिहासकार वाबुराम आचार्यका अनुसार “नेवार” वा “नेवा” यी तीनै शव्दबाट “नेपाल” हुन गएको भनाई छ । विश्व प्रसिद्ध विद्वान गेलेनरका अनुसार काठमाडौं उपत्यका वासिन्दाहरुले नेवा भाषा (नेपाल - भाषा) चिरकाल देखि नै बोल्दै आएका बासिन्दा हुन् । त्जभ ल्भधबच िबलनगबनभ कभभ्रक तय जबखभ दभभल कउयपभल दथ तजभ ष्लजबदष्तबलतक या तजभ ष्वतक्रबलमग खर्बाभिथ बक ाबच बक चभअयचम नय। - न्भ्ौलिभच मल । अर्का विद्वान मानवविद् श्री डोर बहादुर विष्टका अनुसार नेपाल खाल्डोमा नेवाः मानिसहरु प्राग ऐतिहासिक काल देखि नै बसोबास गरी आएका हुन् । यस्तै नेवा - भाषा, (नेपाल - भाषा) को उपयोग भएको प्राचिनतम् प्रमाणहरु यथेष्ठ छन् । (हेगन, १९७१)

नेपाल भाषा पाटनको उकुः बहाल ( सन् ११८९ को ) ताम्रापत्रमा उल्लेख गरेको पाउाछौं । पछि मध्यकाल ( १२०० - १७२८ ) मा यो भाषा निकै फैलियो । यसको प्रमाण अनेक ग्रन्थ, शिलालेख, आदिमा प्रशस्त रुपमा भएको पाइन्छ । नेपाल खाल्डोमा नेवा भाषाको एउटा पुरानो भाषामा गणना गरेको पाइन्छ ।

मल्ल राजाहरुले नेपाल भाषालाई राष्ट्रभाषामा रुपान्तरण गर्ने ध्येयले साहित्य र शिला लेखहरुमा समेत नेपालभाषामा लेख्न लगाउने कार्य गरेका थिए । राजा जयस्थिति मल्लको पालामा पनि नेपाल भाषालाई साहित्य लेखनको माध्यमको रुपमा प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइए र नेपाल भाषालाई नै राष्ट्रिय भाषाको मान्यता दिइएको थियो । त्यस्तै राजा यक्ष मल्लको समयमा नेपाल भाषाले राजकिय अभिलेखहरुमा स्थान पाउनुको साथै यस भाषालाई “देश भाषा” को रुपमा भान्यता दिइएको थियो ।

## १.४ अनुसन्धान समस्या

यस शोधपत्र तयार पार्न का लागि मैले धेरै ठाउाहरुमा जानु परेको र चाहिने श्रोत संकलन गर्न पनि निकै समस्या खेप्नु पऱ्यो । तर पनि विभिन्न अध्ययन सामाग्रीहरु जुटाउन अनेक व्यक्तिहरु संग भेटघाट, छलफल, सर-सल्लाह लिनु पऱ्यो र अध्ययन सामाग्री पुस्तक, लेख, रचना, पत्र पत्रिका संकलन गर्न समस्या भएको थियो । नेवाः समुदायको पहिचान भाषा, संस्कृत साहित्य सम्वन्धी सामाग्री संकलन गर्न निकै कठिनाई परेको र पाए पनि कम मात्रामा लेखेको भेटिएको तथा भेटिए पनि सन्दर्भ नमिलेको हुदाा निकै समस्या भोग्नु पऱ्यो । नेवाः समुदायको पहिचान र भाषा सम्वन्धी पुस्तक पाउनु नसक्नुले गर्दा निकै गाह्रो पऱ्यो । धेरै प्रयास पछि पनि पुस्तक, पत्र, पत्रिका, सोभिनियर आदि संकलन गर्न निकै समस्या परेको, विभिन्न पुस्तकालय चहार्दा पनि सम्वन्धित सामाग्री पाउन अभाव भएको हुंदा अनुसन्धान कार्य सम्पन्न गर्न कठिनाई भएको थियो । तथापि विषयगत दृष्टिकोणबाट लेख्न कथिन हुंदा हुंदै पनि यो शोधपत्र लेख्न जमर्को गरेको छु ।

## १.५. अध्ययनको उद्देश्य

नेवाः समुदायमा धेरै संख्याले आफ्नो मातृभाषा बोल्न छाडेको तथ्यांक प्रकाशमा आएको छ । आफ्नो मातृभाषा बोल्ने संख्यामा ऱ्हास आउनु चिन्ताको विषय हो । यसकारण मातृभाषा बोल्नुमा ह्रास आउनुको कारण पत्ता लगाउनु जरुरी देखिन्छ । यसैकारण नेवाः समुदायको पहिचान र पृष्ठभूमिसित सम्वन्धित केहि प्रमुख विषय वस्तुहरुको संक्षिप्त रुपमा विवेचना विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

१. नेवाः, समुदायको पहिचान एवं पृष्ठभमिको विवेचना गर्ने ।

२. नेवाः समुदायको साहित्य समिक्षा, मातृभाषाको विश्लेषण, स्थितिको चर्चा गर्ने ।

३. नेवाः समुदायमा मातृभाषामा ऱ्हास आउनुको कारक तत्वको वारे विश्लेषण गर्ने ।

४. अध्ययन, अनुसन्धान पद्दती अध्ययन क्षेत्रको छनौट तथ्याङ्क र विश्लेषण गर्ने ।

५. सारांश र निष्कर्षहरु ।

## १.६ अध्ययनको महत्व

भाषा-संस्कृति भनेको त्यस जातिको जीवन हो भन्ने राष्ट्रको गहना पनि हो । प्रत्येक जातिको आफ्नो भाषा र संस्कृति हुन्छ । त्यसलाई संरक्षण गर्नु प्रत्येक जातिको कर्तव्य हो भने देशको ठूलो दायित्व हो । किनभने भाषा र संस्कृति भनेको देशको अमूल्य धन हो ।

भाषाको महत्व बुझेर विभिन्न शोध गरी किताब, पुस्तक प्रकाशन गरेको पाइन्छ । विभिन्न देशका बुद्धिजीवी, इतिहासका लेखकहरुले पनि नेपाल - भाषा सम्बन्धी गहन अध्ययन गरी गरिआएका छन् ।

उपत्यका भित्रका नेवाः समुदायका विद्वान वर्गले पनि नेवाः भाषाको विकास गर्न ठूलो योगदान गरेका छन् । प्रचलित नेवाः भाषामा विभिन्न ग्रन्थ, पुस्तकहरु निकाली भाषाको विकासमा सहयोग गरेको पाइन्छ । किन भने प्रत्येक जातिको आफ्नो मातृभाषा प्यारो हुन्छ । यो स्वभाविक हो । विभिन्न विदेशी विद्वानहरुले समेत नेपालको प्राचिन भाषा- नेपाल भाषा हो भनेका छन् ।

# अध्याय - दुई

## साहित्य समिक्षा

नेवाः समाजको आफ्नै लामो ऐतिहासिक पृष्ठ भूमि, आफ्नै विविधतापूर्ण सामाजिक एवं सांस्कृतिक ९भ्लखष्चयल्कभलत या ष्लमष्नभलयगक ष्लतभचलबा कयअष्य(अगतिगचबा मष्खभचकष्तथ० र समृद्ध साहित्य, कला र भाषा छ । वर्तमान नेपाली समाज विविधतायुक्त रहेको पाइन्छ त्यस्तै नेवाः समाज पनि आन्तरिक रुपमा विविधतायुक्त रहेको छ । वास्तवमा नेवाः समाज, नेवाः समुदाय भित्र विभिन्न जात जातिहरुको समिश्रमण रहेको छ । यस नेवाः समाज भित्र विभिन्न जात जातिहरुको पनि आफ्नै जीवन शैली, धार्मिक सामाजिक एवं सांस्कृतिक संस्कारहरु रहेका छन् । शायद यस्तो विविधता एवं सामाजिक सद्भावयुक्त समाज भएकोले घेरै विदेशी विद्वान एवं लेखकहरुले नेवाः समुदायको बारेमा घेरै चर्चाहरु गरेको पाइन्छ । (श्रेष्ठ, २०६६)

लिच्छवी राजा शंकरदेवको नाती मानदेव प्रथमको शासनकालमा नेपालमा सर्वप्रथम शिलालेख लेखाउन लगाएका थिए । यसको साथै प्राचिनकालमा नेपालको तीन पटकसम्म भ्रमण गरेका चिनियाा यात्री वाङ चु आन चे को यात्रा विवरणमा उल्लेख भए अनुसार त्यस बेला नै नेपालमा गणित र फलित दुवै किसिमको ज्योतिषशास्त्रको विकास भएको थियो ।

प्राचिनकालमा नेपाल भाषाको साहित्यको खास विकास हुन नसकेतापनि मध्यकालमा भने सो भाषाको साहित्यमा प्रशस्त विकास भएको पाइन्छ । वंशावली, शिलालेख लेखन, अनुवाद, गीत, कविता, नाटक ज्योतिषशास्त्र जस्ता विभिन्न विधाहरुको विकास भएको थियो । मल्ल राजाहरु स्वयंले पनि विभिन्न किसिमका नाटक, कविता, गीत लेख्ने गरेका थिए । नाटकको मञ्चनमा समेत उनीहरु सहभागी हुन्थ्यो । भानुभक्तले रामायण लेख्नु भन्दा घेरै समय अगावै दुखीराम भारोले राजा भूपतिन्द्र मल्लको शासनकाल (वि.सं. १७५३-१७७९) मा नै रामायण लेख्ने कार्य गरिसकेका थिए । मध्यकालदेखि नै मौलिकताका गुण नेपाल भाषाको साहित्यमा आइसकेको थियो । इस्वीको पन्ध्रौ शताव्दीको प्रारम्भदेखि नै (राजा यक्ष मल्ल (१४२८-१४८२) को शासनकालदेखि राजकीय अभिलेखहरुमा समेत नेपाल भाषामा गद्यको प्रयोग हुन थालेको थियो । पाटन मोतिटारको

जलद्रोणीमा उल्लेखित इस्वी सम्वत् १२३९ को शिलालेखमा सर्वप्रथम नेपाल भाषाको सानो वाक्य प्रयोग भएको थियो । जयस्थिति मल्लका छोराहरु धर्म मल्ल, ज्योतिर मल्ल र कीर्ति मल्लको संयुक्त शासनकालमा दामोदर भट्का छोरा कृष्ण भट्ले योगेश्वर महादेवको नाउमा जग्गा दान दिई अभिलेख राख्न लगाएका थिए । सो अभिलेखको अन्तिम चार हरफ जति नेपाल भाषामा लेखिएको थियो । दक्षिण भारतवाट वसाइ सरी आएका भट्ट ब्राम्हणहरुले समेत त्यसै वेला नेपाल भाषा अंगिकार गरिसकेको कुरा यस अभिलेखवाट स्पष्ट हुन आउंछ। त्यस्तै ई.स. १४०८ (ने.स. ५२८) मा दक्षिण भारतवाट नै वसाइ सरि आएको भट्ट ब्राह्मण परिवारका श्री राजभट्ट भन्ने ब्राह्मणले पशुपति क्षेत्रको राजेश्वरी मन्दिरमा देवीको मूर्ति स्थापना गरी शिलालेख समेत राख्न लगाएका थिए । उक्त शिलालेखको बिचको ८ हरफ संस्कृत मिसिएको नेपाल भाषामा लेखिएको र सुरुको ७ हरफ र अन्तिम दुइ हरफ संस्कृत भाषामा लेखिएको थियो । विदेशवाट वसाइ सरी आएका परिवारहरुले समेत स्थानीय भाषालाई अंगिकार गर्ने गरेको प्रवृति उक्त दुई शिलालेखहरुवाट स्पष्ट हुन आउने भएकोले नेपालको सामाजिक इतिहासमा ती शिलालेखहरुको महत्वपूर्ण स्थान रहेको छ । राजा ज्योतिर मल्लको समयमा कर्माचार्य ज्योतिचन्द्र मास, सहस राम मास आदिले आचार्य जसचन्द्र द्वारा यक्ष गराइ मन्दिर स्थापना गरेका थिए । यसै उत्सवको सम्झनाको लागि भक्तपुरको तमधिटोलमा ई.सं. १४१० मा शिलालेख स्थापना गरेका थिए । सोही शिलालेखमा अत: पर नेपाल भाषा भन्ने वाक्यांशमा नै “नेपाल भाषा” भन्ने शव्द प्रयोग गरिएको थियो ।

ज्योतिर मल्लका छोरा यक्ष मल्लको स्थापना गरेको ई.सं. १४२८ को शिलालेखमा मात्र पहिलो पटक राजाले स्थापना गरेको शिलालेखमा “नेपाल भाषा” प्रयोग गरिएको थियो। ज्योतिर मल्लको शासनकालको (ई.सं. १४१० - ने.सं. ५३०) को पाटनको अभिलेखमा संस्कृत मिसिएको नेपाल भाषा प्रयोग गरिएको थियो । त्यस्तै ई.सं. १४१५ (ने.सं. ५३५) को पाटन दरवारको भण्डारखालको अभिलेखमा आधा जतिमा नेपाल भाषा प्रयोग गरिएको पाइन्छ।

त्यस्तै राजा यक्ष मल्लले ई.सं. १४४१ (ने.सं. ५६१) मा राख्न लगाएको ताम्रापत्रको २२ हरफ मध्य सुरुको ६ हरफ संस्कृतमा र अन्य सवै नेपाल भाषामा लेखिएको र राजाले नै स्थापना गरेको ताम्रापत्रमा पहिलो पटक नेपाल भाषाको प्रयोग गरिएकोले यो ताम्रापत्रको ऐतिहासिक महत्व रहेको छ । यस ताम्रापत्रमा राजा यक्ष मल्लले आफ्नो आमा संसार

देवीको मृत्यु पछि पशुपतिमा उनको शालिक स्थापना गरि विभिन्न किसिमको धार्मिक कार्यहरु गर्नुपर्ने व्यवस्था गरेका थिए । यक्ष मल्लले नै राखेका अन्य निम्न ३ वटा शिलालेखहरुमा पनि नेपाल भाषा नै प्रयोग गरिएको पाइन्छ । (श्रेष्ठ, २०६६)

यस किसिमले मध्यकालको घेरै शिलालेखहरुमा घेरै वा थोरै मात्रामा नेपाल भाषा को प्रयोग गरिएको पाइन्छ । मध्यकालमा नै दैवज्ञ ज्योतिषराजले "ज्योतिषराजकरण" नामक ज्योतिषशास्त्र सम्वन्धी एउटा मौलिक ग्रन्थ लेखेका थिए । यस्तै राजा यक्ष मल्लको शासनकालमा "स्वरोदयदशा" नामक एउटा ज्योतिष ग्रन्थको पनि रचना गरिएको थियो । यो ग्रन्थ पनि नेवारी मिसिएको संस्कृत भाषामा लेखिएको थियो । यस किसिमले यक्ष मल्लले नेपाल भाषा प्रति सकारात्मक नीति लिएकोले उनको शासनकालमा स्थापना गरिएको ९ वटा अभिलेखहरुमा घेरै वा थोरै मात्रामा नेपाल भाषा प्रयोग गरिएको पाइन्छ । साथै ज्योतिषशास्त्र सम्वन्धी ग्रन्थहरुमा समेत नेपाल भाषाको पनि प्रयोग भएको पाइन्छ । (श्रेष्ठ, २०६६)

राजा जयस्थिति मल्लको शासनकालमा पनि नेपाल भाषालाई साहित्य लेखनको माध्यमको रुपमा प्रयोग गर्ने कार्यलाई निरन्तरता दिई नेपाल भाषालाई राष्ट्रिय मान्यता नै दिइएको थियो । त्यस्तै जयस्थिति मल्लका नाती एवं ज्योतिर मल्लका छोरा यक्ष मल्लको समयमा नेपाल भाषाले राजकीय अभिलेखहरुमा स्थान पाउनुको साथै यस भाषालाई "देश भाषाको" रुपमा पनि मात्यता दिइएको थियो ।

यक्ष मल्ल पछि ई.सं. १७६८ सम्म सवै मल्ल राजाहरुले शिलालेखमा नेवारी भाषालाई नेपाल भाषा र देश भाषाको रुपमा मान्यता दिइ यस भाषाको प्रयोग गरेका थिए । साथै साहित्य श्रृजनाको माध्यम पनि यसै भाषालाई बनाएका थिए । वास्तवमा तिव्वती बर्मेली भाषिक परिवारका भाषाहरु मध्य साहित्य श्रृजनाका माध्यम बन्न सफल भएका भाषा नै नेपाल भाषा हो । भारतमा इन्दो आर्यन भाषिक परिवारमा भाषाहरु हिन्दी, मराठी, बंगाली, गुजराती र नेपालको नेपाली भाषाको जतिकै करिव करिव नेपाल भाषाको पनि साहित्यको स्थान रहेको पाइन्छ र शाहकालमा समेत राजा रणवहादुर शाहले नेपाल भाषामा गीतहरु लेखेका थिए ।

राजा जयस्थिति मल्लको मन्त्री जयंत बर्माको छोरालाई अध्ययन गराउन अमरकोषको नेवारी भाषामा अनुवाद गरिएको र त्यस पुस्तकमा नेवारी भाषालाई नेपाल

भाषा भनि उल्लेख गरिएको छ । यस्तै मन्त्री जयंत बर्मा स्वयमको अध्ययन मननको लागि "मानव न्याय शास्त्र" नामक ग्रन्थको पनि नेपाल भाषामा अनुवाद गरिएको थियो । नेपाल भाषामा न्याय विकासीनी नामाकरण गरिएको उक्त मानव न्यायशास्त्र ग्रन्थ पुस्तककै रुपमा प्रकाशित गरिएको छ ।

यसरी माथिल्लो स्तरको सरकारी पदमा रहेका भारदार वर्गले समेत संस्कृत ग्रन्थहरुको अर्थ बुझ्न नेपाल भाषा प्रयोग गर्ने प्रवृतिको विकास भएको पाइन्छ । त्यस्तै लोक भाषा वा मातृभाषामा अध्ययन र अध्यापन गर्ने परम्परा पनि त्यसै समयमा सुरु भएको मान्न सकिन्छ । साथै नेपाल भाषाको साहित्यको श्रृजनाको सुरुवाट अनुवाद विधावाट भएको पनि थाहा पाइन्छ ।

माथि उल्लेखित ग्रन्थहरुको अतिरिक्त नेपाल भाषा साहित्यको प्राचिनतम ग्रन्थ हो गोपाल वंशावली । चौधौं शताब्दितिर लेखिएको त्यस ग्रन्थको पछिल्लो आधा भाग नेपाल भाषामा लेखिएको छ । ऐतिहासिक घटनाहरुको टिपोट्को रुपमा तयार गरिएको त्यो ग्रन्थको पहिलो आधा भागमा विशेषतः राजकीय पक्षको बारेमा चर्चा गरिएको छ । अन्य भागमा ऐतिहासिक घटनाहरुको टिपोट् समावेश गरिएका छन् । समग्रमा त्यो पनि एउटा मौलिक ग्रन्थ नै हो । प्रताप मल्लका मद्याहा छोरा माधान्ताले वि.सं. १७२७ मा "गीत केशव" शिर्षकको काव्य लेखेका थिए । मल्ल राजाहरुले नेपाल भाषालाइ राष्ट्र भाषामा रुपान्तरण गर्ने ध्ययले साहित्य र शिलालेखहरु समेत नेपाल भाषामा लेख्न लगाउने कार्य गरेका थिए । साथै उनीहरु आफैले पनि घेरै कृतिहरु श्रृजना गरेका थिए भन्ने कुराको चर्चा माथि नै भइसकेको छ । (श्रेष्ठ, २०६६)

नेपाल भाषाको विकासको लागि अहं भूमिका खेल्ने र आफ्नो जिन्दगीभर नेपाल र नेपाल भाषाको सेवा गर्ने महान् व्यक्ति महाकवि सिद्धिदास अमात्य, पं. निष्ठानन्द बज्राचार्य, कवि केशरी चित्तधर 'हृदय', जगत सुन्दर मल्ल, धर्मादित्य धर्माचार्य, सत्य मोहन जोशी, सिद्धिचरण श्रेष्ठ, शुक्रराज शास्त्री, योगविर सिं कंसाकार, फत्तेबहादुर सिंह, भिक्षु धर्मालोक आदि श्रष्टाहरुको ठूलो देन थियो ।

**१. पं. निष्ठानन्द बज्राचार्य (ने.सं.९७८-१०५५)**

नेपाल भाषाको क्षेत्रमा अगुवा व्यक्ति हुनु हुन्छ । उहांले ने.सं. १०२९ सालमा "ललित विस्तर" बोधि चर्यावतार र "आयृ भद्रचरी" जस्तो महत्वपूर्ण बाङमय संस्कृत भाषाबाट अनुवाद गरी प्रकाशन गर्नु भयो । उहाा त्यस समय ठूलो विद्वानमा गणना गरिन्छ । उहााले नेपाल भाषामा अनेक पुस्तक लेख्नु भएको र नेपाल भाषाको विकास गर्न यथेष्ठ कार्य गर्नु भएको थियो । (लुमंके बहपिं, ने.सं. १०९०)

### २. सिद्धिदास अमात्य (ने.सं. ९८७-१०५०)

नेपाल भाषाको महाकवि सिद्धिदास अमात्य एक महान् कविमा गणना हुन्छ । उहााले सर्वप्रथम भारतमा जादां "सुख-सागर" भन्ने पुस्तक अनुवाद गरी आफ्नो लेखन कार्य शुरु गर्नु भयो । त्यस पछि ने.सं. १०२६/२७ तिर "सत्य सती" खण्ड लेख्नु भयो, त्यस पछि "सिद्धि रामायण" खण्ड पनि लेख्नु । सत्य-सत्य खण्ड काव्य धेरै राम्रो खण्ड काव्य मानिन्छ । सिद्धिदास अमात्य लेखन यात्रा कहिले विश्राम लिएनन्, एक पछि अर्को कृति लेख्दै गयो । उहााले सकंता माा १९७६, शुकरभा सम्वाद-१९७८, समाचार-१९७८, स्वदेश वस्त्र-१९७९, सर्ववन्धु, सर्वकर्म, रम्भा सम्वाद, संचय, सत्यमदन, सिद्धि-व्याकरण, सुक्ष्म छन्द, शिव-विलास आदि ग्रन्थ लेखेपछि पनि एक पछि लेख्दै गएको पाइन्छ ।

सिद्धिदासको साहित्य प्रवाहले नेपाल भाषाको साहित्यिक रगंमञ्चमा नयाा युगको साहित्य श्रृजना ल्याउने व्यक्ति भएकाले युग कवि पनि हुन् ।

### ३. चित्तधर 'Åदय' (ने.सं. १०२६-११०२)

कवि चित्तधर 'हृदय' आफ्नो जिन्दगीभर भाषाको सेवा समर्पण गर्ने व्यक्ति हुन् । त्यसै कारण राजा महेन्द्रले समेत उहाालाई सम्मान स्वरुप कवि-केशरीको उपाधीबाट विभूषित गरेका थिए । उहााले "सुगत सौरभ", "अन्तर ध्वनी" महाकाव्य रचना गर्नु भयो । अनेक पुस्तक पत्र-पत्रिकामा उहााले लेख, कविा, कथाको रचना गरी प्रकाशन गर्नुभयो । उहााको योगदान नेवाः जातीको लागि सदा स्मरणीय छन् ।

पहिला कुनै समय नेवाः जातिको आफ्नो मातृ-भाषा, नेवा भाय्(नेपाल भाषा) देश भाषा भएको र यसले आफ्नो उच्च स्थान पाएको थियो । अहिले नेपाल उपत्यकामा भएको सभ्यता र संस्कृतिको विकासक्रम खोज्दै जाादा नेपाल-भाषा बोल्दै गएका र बोलिरहेका नेवाःहरुको भातृ-भाषा जोडेको हुन्छ । अहिले पनि नेवाःहरुको मात्र नभई सम्पूर्ण

नेपालीहरुको साझा राष्ट्रिय सम्पदा भएका छन् । अझ विश्व संस्था युनेस्को ९गल्भक्क्ष्इ० को क्षेत्र भित्र विश्व सम्पदा ९ध्यचमि ज्भचष्तबनभ० को सूची भित्र सूचिकृत भैसेको छ । (जोशी, २०५९)

## सामाजिक, सांस्कृतिक एवं आर्थिक पक्षः

सामाजिक दृष्टिकोणले भन्ने हो भने नेवाः समुदायको आफ्नो समृद्ध भाषा, लिपी, साहित्य, सामाजिक संरचना एवं परम्परा रहेको छ । अठारौं शताब्दीको उत्तरार्थसम्म नेपाल भाषाको साहित्य दक्षिण एशियामा नै विकसित साहित्यमा गणना हुन्थ्यो । यसको आफ्नो सामाजिक संरचना एवं परम्परा(जातीय ब्यवस्था, सामाजिक विधि, व्यवहार, संस्कार इत्यादि) धेरै समय अघि देखि हालसम्म विद्यमान रहेको छ । त्यस्तै सांस्कृतिक दृष्टिकोणबाट भन्ने हो भने नेवाः समुदाय अति समृद्धशाली समुदाय हो । नेपालका अनगिन्ती मठ-मन्दिरहरु र धार्मिक सांस्कृतिक चाडपर्वहरु नेवाः समुदायको नै श्रृजना हुन् । धार्मिक दृष्टिकोणमा नेवाःहरु विशेषत हिन्दु र बौद्धमार्गीहरुमा विभाजित छन् । तथापि दुवै धार्मिक समूहहरु बीचमा खास भेदभाव रहेको पाइन्दैन । नेवा समुदाय सामाजिक, सांस्कृतिक एवं आर्थिक दृष्टिकोणबाट पनि निकै समृद्धशाली रहेको पाइन्छ । तर हाल नेवाः समुदायको आर्थिक पक्ष पहिलेको तुलनामा हाल कमजोर हुदै गएको छ ।

## २.१ मातृ-भाषा र भाषा

नेपाल भित्र नेपाली भाषालाई छोडी अनेकौ जन भाषाहरु छन् । तिनीहरुमा किराती, मैथली, नेवारी आदि भाषाहरु नेपाली भाषाको भन्दा घेरै लामो इतिहास छन् । कतिपय क्षेत्रमा यिनको बाङ्मय पनि "नेपाली भाषा" को भन्दा पुरानो इतिहास बोकेको उन्नत विकसित भाषा हुन । यी वाहेक भोजपुरी अवधि, थारु, मगर, गुरुङ्ग, तामाङ्ग आदि भाषाहरुको विकासका संभावना छन् । तर यी जनजातिका भाषाहरु जो जन जिब्रोमा मात्र सिमित भएका छन्, तीनलाई राम्ररी अध्ययन गरि लिपीबद्ध गर्न सकिएमा त्यहाा पनि लिखित साहित्यको विकास गर्न सकिन्छ । कुनै पनि जन-जातिको भाषा आधारभूत रुपले कुनै पनि कुरामा कम छैन । त्यसैले सवभन्दा पहिलो महत्व राख्ने कुरा के हो भने मानव-सभ्यताको विकास भाषासंग जोडिएको हुन्छ । यसैले सबै जनजातिको भाषा विकास तथा सम्वर्द्धन गर्न सरकारको पनि प्रमुख दायित्व हो ।

त्यस्तै नेवारी भाषाको सन्दर्भमा भन्ने हो भने यो आधारबाट नेपाल भाषा र लिपी नेपालको आफ्नो मौलिकता झल्केको समृद्ध भाषा भन्न सकिन्छ । किनकि यसको आफ्नो मौलिक लिपीहरु छन् । जस्तै, उदाहरणका रुपमा प्रचलित लिपी, भूजिंमोल लिपी, रंजनालिपी आदि गरी ८/९ लिपीहरु छन् । तर सरकारले यी विभिन्न जनजातिको भाषा, लिपीलाई वेवास्ता गर्दै आएको छ । सरकारले एकल भाषा खस नेपाली भाषालाई मात्र महत्व दिई आएको छ । व्यवहारमा एकल भाषा नीति अपनाएको छ । नेपाल सरकारको भाषा नीति त्रुटिपूर्ण छन् ।

नेपालमा नेपाल भाषालाई राष्ट्रिय स्तरमा मान्यता दिएर सरकारी काम काजी भाषा बनाउनु पर्दछ । किन भने नेपाल भाषा र नेपाल संवत् राष्ट्रिय मात्र होइन् , अन्तर्राष्ट्रिय स्तरमा समेत मान्यता पाएको छ । नेपाल भाषा - नेवारी लिपी ) रञ्जना लिपी नै नेपालको आधिकारीक लिपी हुन् । यो भाषा र लिपीलाई संयुक्त राष्ट्र संघमा दर्ता भएकोले मात्र नेपाललाई सन् १९५५ डिसेम्वर १५ तारेखका दिन संयुक्त राष्ट्र संघले नेपाललाई सदस्य राष्ट्रको हैसियत दिएको हो ।

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृतिक तथा भौगोलिक विविधता भएको देश हो । राष्ट्र भन्नाले बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धि प्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सबै नेपाली जनता स्मष्टिमा राष्ट्र हो ।

नेपाल बहुजातिय, बहुभाषिक राष्ट्र भएको हुनाले नेपालमा बोलिने सबै मातृ-भाषाहरु राष्ट्र भाषा हुन् । नेपालको आन्तरिम संविधान, २०६३ नेपालमा बोलिने सबै मातृ-भाषाहरु राष्ट्र भाषा भनि किटान गरिएको छ । तर त्यस्तो व्यवहार गरिएको छैन् । अहिले सम्म केन्द्रीकृत राज्य सत्ता रहेको र बन्ने नयाा संघीय संविधानले त्यस्को स्पष्ट हुनु पर्ने विज्ञहरुको भनाई छ । संबैधानिक अंगको रुपमा “भाषा आयोग” गठन गर्नु पहिलो आवश्यकता हो । त्यस पछि कुन भाषा कस्तो छ, कसरी प्रबर्द्धन र जगेर्ना गर्ने भनि कितान गर्नु पर्छ ।

नेपालमा घेरै भाषा र लिपिहरु छन् । तर सरकारी उदासिनताका कारण यी भाषा र लिपी लोप हुन्दै गएको छ । नेवाः समुदायको मात्र ८।९ थरी लिपि छन् । तर रंजना लिपि वाहेक सबै लिपि लोप भैसकेको छ । विभिन्न भाषा विज्ञको मत अनुसार राज्यले नेपालका सवै भाषाका विकासका लागि बैज्ञानिक प्रवन्ध गर्नु पदर्छ । भाषा–प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएकोले राज्यले त्यसलाई जगेर्ना गर्नु पर्छ । (श्रोतः नेपाल भाषा एकेडेमी, नेपाल भाषा परिषद्)

## २.२ मातृ-भाषामा ऱ्हास आउनुको कारक तत्व

नेवा: समुदाय भित्र नेवा:हरु आफ्नो मातृभाषा नबोल्ने संख्या बढ्दै गएको देखिएको छ । उपत्यकाका बाहिर बस्ने दुर्गम पहाड, तराई र गाउा घरमा पनि नेवा:हरु अर्कै भाषा बोल्ने गरेको छ । साथै नयाा पुस्ता ९ल्भध नभलभचबतष्यल ० भरखरका बालक देखि तण्डेरीहरु ९थ्यगलन नभलभचबतष्यल० का केटाकेटीहरु आफ्नो मातृभाषा बोल्न छोडी खस नेपाली वा अंग्रेजी भाषा बोल्न रुचाउाछन् । यसका अनेक कारण छन् ।

१) स्कूल, कलेजमा नेपाली वा अंग्रेजी माध्यमबाट पढाई हुने ।

२) अदालत, सरकारी कार्यालयमा नेपाली भाषाबाट बोल्नु, लेख्नु पर्ने ।

३) लोक सेवा आयोग, बैकहरुमा नेपाली वा अंग्रेजीबाट मात्र लेख्नु पर्ने ।

४) एक जात (समुदायबाट अर्को जात, समुदायमा बोल्न नेपाली भाषा बोल्नु पर्ने आदि कारण हुन् ।

५) नेवा: समुदाय भित्र बसाई-सराई आदि कारण पनि हुन् ।

नेवा: समुदायमा बोलिने मातृभाषा नेवारी (नेपाल भाषा) मा ऱ्हास आउनुको कारण अनेक छन् । बि.सं. २०६८ सालमा लिइएको जनगणनामा नेवा:हरुको जनसंख्या १३,२१,९३३ जना रहेको छ । ती मध्ये ८,४६,५५७ जनाले मात्र नेवारी(नेपाल भाषा) बोल्ने गरेको तथ्यांकमा उल्लेख गरेको छ । याने ३.२० प्रतिशतले मात्र आफ्नो मातृभाषा बोल्दछन् भनेका छन् । नेवारी नवोल्ने नेवा:हरु ४,७५,३७६ जना छन् । यति भारी संख्यामा आफ्नो मातृ-भाषा नबोल्ने नेवा:हरु १.८ प्रतिशत भएको तथ्यांकले देखाएको छ । यो तथ्यांकले नेवा:हरुले आफ्नो मातृभाषा बोल्न छाड्दै गएको आभाष हुन्छ ।

नेपालको नयाा संविधानले नेपालमा बोलिने सबै जनसमुदायका मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिई सबैले आ-आफ्नो मातृभाषालाई स्वतन्त्र रुपमा उपयोग र विकास गर्न पाउने तथा आ-आफ्नो मातृभाषामा शिक्षा लिन पाउने, सबै जन समुदायको हक रहेको ब्याख्या गरेको छ । तर नेपालको शिक्षामा मातृभाषाको स्थिति, सरकारले शिक्षा क्षेत्रमा लिइएको भाषा नीतिका कारणले मातृभाषामा ऱ्हास आएको मुख्य कारण हुन् ।

## नेपाल सरकारले लिएको शिक्षामा मातृभाषाको स्थिति :

२००७ सालमा प्रजातन्त्रको उदय पछि नेपालमा औपचारिक शिक्षाको विकास भयो । यस्को साथै शिक्षामा मातृभाषाले पनि स्थान ग्रहण गर्यो । यसको प्रतिफलः “स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेसन ९क्षीॠ०” परिक्षामा मातृभाषा विषयमा परीक्षा दिने विद्यार्थीहरु तुलनात्मक रुपमा आज भन्दा १०० गुणा रह्यो । २००७ साल देखि २०२९ सम्म शिक्षामा मातृभाषाको विकासमा स्वर्ण युगको संज्ञा लियो ।

२०१७ सालमा पंचायती व्यवस्थाको उदय पछि नयाा नीति २०२८ अन्तरगत २०३० साल देखि मातृभाषालाई विस्थापित गर्ने नीति लियो । उदाहरणका लागि (क) कक्षा ६,७ र ८ मा मातृभाषा विषयको पठनपाठन रोकिदियो । (ख) कक्षा ९ र १० मा मातृभाषा विषयलाई गणित विषयसंग विकल्पमा राखियो। र (ग) कक्षा ११ र १२ मा मातृभाषा विषयको पठनपाठन रोकिदियो । जसको प्रतिफलः “स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेसन ९क्षीॠ०” मा मातृभाषा विषयमा परीक्षा दिने विद्यार्थीहरु अत्याधिक घट्न गयो ।

२०४६/४७ को जनआन्दोलन पछि मातृभाषाको मान्यता दिइएको भनिएतापनि मातृभाषाको शिक्षाको क्षेत्रमा कुनै ठोस सुधार गरिएन । उदाहरणका लागि (क) कक्षा १ देखी ५ सम्म मातृभाषा अनिवार्य विषय भनी पाठ्यक्रममा राखियो । तर त्यस भावनाको विपरित व्यवहारमा अहिलेसम्म पठन पाठन गराउने पहल नगराई शिक्षामन्त्रालयले सरोकारवालाहरुलाई भ्रममा राखियो । (ख) कक्षा ६,७ र ८ मा मातृभाषा विषयको पढाई पञ्चायती व्यवस्थाकै निर्णय लागु गरी रोकिराख्यो । (ग) कक्षा ९ र १० मा मातृभाषालाई ऐच्छिक गणित विषयसंग विकल्पमा राखिएको मातृभाषा दमन नीतिलाई कायम नै राखियो । (घ) कक्षा ११ र १२ मा पंचायती शिक्षा नीति स्वीकार्दै मातृभाषा विषयको पढाइ रोकिराख्यो ।

२०४६/४७ को जनआन्दोलन देखि २०६२/०६३ को जनआन्दोलनसम्म पुग्दा मातृभाषाको शिक्षालाई सरकारी जिम्मेवारीबाट मुक्त गर्ने व्यवस्थाको सुरुवाट शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा शिक्षा मन्त्रालयबाट मातृभाषाको पठनपाठन गर्नलाई बजेट नदिने निर्णय गर्ने नीतिको चलन सुरु गरियो ।

२०६२/०६३ को पछि अन्तरिम संविधानले भाषिक अधिकार उपयोग गर्ने बाटो खोलिदिए तर नेपाल सरकारले कुनै निश्चित पहल कदम चालिएन । बरु मातृभाषा विषयको शिक्षालाई पूर्णरुपमा विस्थापित गर्ने नीति लिखित रुपमा आयो । उदाहरणका लागि (क) कक्षा १ देखि ५ सम्म निशुल्क शिक्षा दिने नीति अन्तरगत मातृभाषा विषयको निमित्त लगानी रोक्का गर्ने, मातृभाषा विषयको शैक्षिक पाठ्यक्रम विकास लगायत सम्पूर्ण व्यवस्था सरोकारवालाहरु मार्फत गराउने भनि सरकारी शिक्षा निकाय आफ्नो जिम्मेवारी तथा दायित्वबाट पन्छिने लिखित निर्णय लियो । (ख) कक्षा ६, ७ र ८ मा मातृभाषा विषय राख्ने प्रयास गर्ने निहुमा पाठ्यक्रम बिकास गर्नको लागी ८ वर्षको लामो अवधि लियो । ८ वर्ष लगाएर पाठ्यक्रम मात्र तयार गरियो तर पाठ्य सामग्रि तयार गर्न कुनै चासो लिइएन । यस मातृभाषा विषयलाई कम्प्युटर शिक्षासंग विकल्पको विषय बनाई पठन पाठन गर्न नसकिने स्थिति सृजना गरियो । (ग) कक्षा ९ र १० मा मातृभाषा विषयको शिक्षालाई ऐच्छिक गणित विषयसित विकल्पको रुपमा राखिएकोमा जनबिरोध भएको कारण जनाई कम्प्युटर विषयको शिक्षासंग राख्ने प्रयास हाल भइरहेको छ । यसरी मातृभाषा शिक्षा निर्मूल पार्ने आधारशिलाको प्रतिस्थापन गर्ने प्रयत्न भएको छ । (घ) मातृभाषा शिक्षालाई पूर्णरुपमा विस्थापित हुनेगरी अहिले कक्षा ४ देखि नै कम्प्युटर विषयसंग विकल्पको रुपमा राखीएको जनाकारीमा आएको छ । (ङ) कक्षा ११ र १२ मा मातृभाषा विषयको पढाइ बन्द गरिएको हाल सम्म यथावत कायमै छ । (श्रोतः नेपालभाषा शिक्षा अभियान )

## २.३ नेवाः समुदायमा भाषिक स्थितिः

नेपालको पत्रकार क्षेत्रमा वरिष्ठ कहलिएका लेखक राजेन्द्र महर्जनको भनाई अनुसार नेपाली समाज एकै खालका छैन, यो निकै विविधता युक्त छ। नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृत मुलुक हो । त्यसैले राज्यका निकायमा सबै समुदायको प्रवेश आवश्यक थियो । यसको सबै भन्दा ठूलो उदाहरण भाषाबाट लिन सकिन्छ। बहिस्करणमा पारिएका समुदायलाई स्कूल देखि नै भाषाबाट निषेध गरिएको छ। राज्यले सबै समुदायलाई स्कूलमा खस नेपाली भाषा प्रयोग गर्नु पर्ने, त्यसै मार्फत उच्च अध्ययन गर्नु पर्ने, लेख्नु पर्ने गरी एक प्रकारले लाडेको छ। घरमा बोलिने भाषा र स्कूलमा पढ्ने लेख्ने भाषा फरक हुने वित्तिकै बाहुन, क्षेत्रीहरुको तुलनामा अरु सबै जसो फेल हुन्छन्, अपमानित, र अपहेलित मात्रै होइन बहिस्कृत नै हुन्छन् ।

अन्तमा राज्यका समान पहुंचका लागि शिक्षामा लोकतान्त्रिकरणनै प्रधान कुरा हो । सबै भाषा–भाषीका लागि मातृभाषाबाट शिक्षा अध्ययन गर्ने वातावरण बनाउनु नितान्त आवश्यक छ । यसो गरिएको खण्डमा सबै जात जातिहरुको भाषा बलियो हुन्छ र आफ्नो मातृभाषा बोल्न, लेख्न पाउनु पर्ने अधिकारबाट बन्चित हुन्दैन । सबै समुदायको समान पहुंच पुग्न दिने सरकारको दायित्व हो र नेपालमा बोलिने विभिन्न भाषा मध्ये नेपाल भाषा पनि एक हो। यो भाषा प्राचिनताको दृष्टिले मात्र होइन, सांस्कृतिक, साहित्यिक दृष्टिले पनि धनि छ । तर पृथ्वी नारायण शाहले नेपाल उपत्यका आफ्नो प्रभुत्वमा पारे पछि नेवाः समुदायको आफ्नो मातृभाषा पढ्न, लेख्नबाट बंचित हुनु पऱ्यो । राज्यमा एउटै समुदाय, एउटै भाषा, एउटै संस्कृतिको प्रभुत्व छ र राज्यमा एकल जाति, भाषा, र संस्कृतिको प्रभुत्व को कारण अरु सबै समुदायको भाषा र संस्कृति थिचिएका छन् । पंचायतकाल शुरु भए पछि पनि राणा शासनमा जस्तै अन्य भाषा-भाषिलाई माथि उठ्न नै दिएन । यी सब कारणले गर्दा नै नेवाः समुदायमा भाषिक गिरावत आएको हो । खास गरी नेवाः समुदायमा भाषिक स्थितिमा ऱ्हास आउनुको मूल कारण सरकारको भाषा नीति नै प्रमुख कारण छन् । (महर्जन, २०७२)

## २.४ नेवाः समुदायको जनसंख्या

राष्ट्रिय जन गणना २०६८ सालको जनगणना अनुसार नेवाः समुदायको जन संख्या नेपालको कूल जनसंख्याको ५% प्रतिशत मात्र जनसंख्या भएको बताइको छ। नेपालको कूल जनसंख्या २०६८ सालको जनगनणाबाट २,६४,९४,५०४ देखाइएको छ । ती मध्ये नेवाः समुदायको जन संख्या १३,२१,९३३ जना मात्र देखाएको छ। कूल जनसंख्या मध्ये नेवाः जाति ५% मात्र भएको जन-गणनाको तथ्याङ्कमा उल्लेख गरेको छ।

## २.५ नेवाः समुदायमा मातृ-भाषा बोल्ने संख्या र प्रतिशत

नेवाः समुदायमा बस्ने नेवाःहरु बि.सं. २०६८ सालको जनगणना अनुसार नेवाःहरु १३,२१,९३३ जना मात्र जनसंख्या भएको देखाएको छ। जसमा पुरुषको जनसंख्या ६,४२,३५२ जना छन् भने महिलाको जनसंख्या ६,७९, ५८१ जना छन्। ती जनसंख्या कूल जनसंख्याको ५% हुन्छ । ती मध्ये आफ्नो मातृभाषा बोल्ने संख्या ३.२% प्रतिशत (८,४६,५५७ जना) मात्रले नेवारी (नेपाल-भाषा) बोल्ने गरेको भन्ने देखाइको छ। बााकी नेवाः समुदायले अन्य भाषा बोल्ने गरेको पाइएको छ भन्ने तथ्यांकमा उल्लेख गरेको छ।

राष्ट्रिय जनगणना २०६८ सालमा लिएको तथ्यांकले ९:यतजभच तयलनगभ० मातृभाषा बोल्ने नेवाः समुदायमा निकै ऱ्हास आएको तथ्यांक प्रस्तुत गरेको छ।

## २.६ नेवाः समुदाय भित्र मातृ-भाषा नबोल्ने संख्या र प्रतिशत

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नेवाः समुदायको जनसंख्या १३,२१,९३३ जना भएको तथ्यांक निकालेको छ । नेवाःहरुको जनसंख्या १३,२१,९३३ जना जम्मा रहेको मा ३.२% प्रतिशतले मात्र मातृभाषा बोल्ने गरेको भन्ने तथ्याङ्क निकालेको छ। यसरी ८,४६,५५७ जनाले आफ्नो मातृभाषा बोल्दछन्, भने बाकी रहेको कूल जनसंख्याको १.८% प्रतिशत जनसंख्याले ४,७५,३७६ जनाले आफ्नो मातृभाषा बोल्न छाडेको भन्ने देखाएको छ।

# अध्याय - तीन

# अनुसन्धान विधि

यस अध्ययन, अनुसन्धान कार्यका लागि हरेक दृष्टिकोणले यो पुरानो शहर बस्ती काठमाण्डौंबाट धेरै नजिक रहेको अति प्राचिन बस्ती शहर भएको कारणले त्यहांको स्थानिय निकाय/समुदायको भाषिक स्थितिको बारे बुझ्ने हेतुले अनुसन्धान/शोध गर्नका लागि उपयुक्त देखिएकोले स्थानिय समुदाय संग जानकारी लिने कार्य गरेको, विभिन्न स्थानको भ्रमण गरी स्थानिय व्यक्तिहरुको सूचना संकलन गरेको, नेवाः समुदायको विभिन्न पक्षहरु सम्बन्धी आवश्यक सामाग्री, सूचनाको जानकारी लिने प्रयास गरेको तथा नेवाः समुदायको भाषिक स्थिति बारे प्रश्नोत्तर, छलफल एवं समिक्षा लगायत कार्य गर्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

कीर्तिपुर नगरपालिका काठमाण्डौं शहरबाट धेरै नजिक ७ कि. मि. मात्र टाढा रहेको र पुराणो शहर वस्ती मध्ये एक हुन् । कीर्तिपुर ऐतिहासिक, प्राचिन र राजनैनिक दृष्टिले महत्वपूर्ण छन् । गोरखा राजा पृथ्वी नारायण शाहले काठमाण्डौं उपत्यका हमला गर्न सबैभन्दा पहिला कीर्तिपुर हमला गर्ने योजना बनाएका थिए, त्यस योजना वमोजिक कीर्तिपुर पहिलो पटक हमला गर्दा गोर्खा फौजले निकै ठूलो हार खेप्नु पऱ्यो । फेरी दोश्रो पटक पनि हमला गर्दा नोक्सान सहित हार खानु पुग्यो । त्यस पछि तेश्रो पटक हमला गर्ने योजना बनाएको र अनेक छलछाम गरी कीर्तिपुर जाने अन्न पानी मुहान बन्द गरी कीर्तिपुर माथि हमला भयो र अन्तमा विजय प्राप्त गऱ्यो । यस युद्धमा कीर्तिपुरवासीहरु महिला, पुरुष, बुढा, बुढि सबैले भाग लिई बहादुरी साथ लडेका थिए । यस कारण यो राजनैतिक हिसावले महत्वपूर्ण ठाउा रहेको साथै कीर्तिपुर प्राचिन शहर बस्ती भएको र यहाा विभिन्न मन्दिर, विहार, गुफा, ऐतिहासिक दह रहेकोले यो ठाउा वस्ती अध्ययन र अनुसन्धानको लागि उपयुक्त लागेको हादा छनोट गरिएको हो ।

राजधानी काठमाडौंबाट ७ कि. मि. टाढा दक्षिण पश्चिममा रहेको पुन घोषित एक शहर कीर्तिपुर वि.सं. २००९-११ को जनगणनामा शहर घोषित भइसकेको कीर्तिपुर समुन्द्री

सतहबाट करिब १३२५ देखि १३७५ मिटर सम्मको उचाईमा अवस्थित छ । यो शहर करीब २७ डिग्री १० देखि २७ डिग्री ४२ उत्तरी आकाक्ष र ८५ डिग्री १० देखि ८५ डिग्री ३९ पूर्वी देशान्तर भित्र रहेको देखिन्छ ।

प्राचीन कालमा पदमकाष्ठ गिरी नामले चिनिने यो शहर ऐतिहासिक र राजनैतिक महत्वले पनि अत्यन्तै परिचित शहरको रुपमा लिइन्छ । वि.सं २०५३ साल चैत्र १४ गते ८ वटा गा.वि.स.हरु समेटको यो शहर नगरपालिकाको रुपमा छुट्टै अस्तित्वमा आएको हो । पूर्वमा ललितपूर उपमहानगरपालिका, पश्चिममा मच्छेनारायण, नैकाप र तीनथाना गा.वि.स., उत्तरमा काठमाडौं महानगरपालिका, कलङ्की र बल्खु तथा दक्षिणमा चाङ्गलाखेल र चाल्नाखेलले घेरिएको यस नगरपालिकाको कुल क्षेत्रफल १४७६ वर्ग कि.मि. रहेको छ । यसै कारण यो क्षेत्रको छनोट हरेक दृष्टिकोण उपयुक्त ठानेको हुादा छनोट गरिएको छ ।

## ३.२ तथ्यांक संकलन र स्थलगत अध्ययन

यस अध्ययनको सन्दर्भमा कीर्तिपुर को विभिन्न ठाउंमा स्थलगत भ्रमण कार्य गरी विभिन्न ठाउाको अध्ययन भ्रमण गरेको थियो । सो स्थलगत अध्ययन कार्य व्यवस्थित रुपले गर्नको लागि खुल्ला भएको प्रश्नावली तयार पारेको थियो । सो प्रश्नावलीको आधारमा नै उपरोक्त क्षेत्रहरुमा वसोबास गर्ने नेवाः समुदायका प्रवुद्ध एवं प्रतिष्ठित व्यक्ति र युवा-युवती, बृद्ध, बृद्धा संग छलफल गरिएको थियो ।

### ३.२. क) जनसंख्याको स्थिति

वि.सं. २०४८ सालको जनगणनाबाट जातजातिको तथ्याङ्क लिने आरम्भ गरेको थियो । उक्त गणनाबाट नेपालमा ६० जातजातिका मानिसहरु बसोबास भएको तथ्याङ्क संकलन गरेका थिए भने बि.सं. २०५८ सालमा लिएको जनगणनामा १०० जातजातिका मानिसहरुको सूची उल्लेख गरिएको पाइन्छ । उक्त १०० जातजातिका यस नगरपालिका भित्र पनि ४५ जातिका मानिसहरु बसोबास गर्दछन् । नेवाः जातिको बाहुल्यता रहेको यस ठाउाको मुख्य-मुख्य जातजातिको विवरण निम्न लिखित छ । जस्मा जनसंख्या २२७१० नेवाः, ७७७३ क्षेत्री ५१५९ ब्राम्हण, १४६१ तामाङ्ग, ७७८ मगर, ३३६ सार्की २१८ दमाई र २२ जना गाइने रहेको छन् ।

बि.सं. २०५८ सालमा लिइएको राष्ट्रिय जनगणना अनुसार कीर्तिपुर नगरपालिकाको कुल जनसंख्या ४०८३५ जना रहेको छ । देशको कुल जनसंख्याले ०.१८ प्रतिशत जनसंख्या मात्र यस नगरपालिकामा रहेको छ । उक्त जनसंख्यामा पुरुषको संख्या २१६८६ (५३.११) प्रतिशत र महिलाको संख्या १९१४९ जना ( ४६.८९) प्रतिशत रहेको छ । महिला पुरुष भन्दा २५३७ जनाले कम छ । वि.सं. २०४८ सालको जनगणना अनुसार यस नगरपालिकाका तत्कालिन ८ वटा गा.वि.स. हरु ) को कुल जनसंख्यामा ९४९८ जना थपिएका छन् । एकादशक भित्र यस नगरपालिकाको जनसंख्या वृद्धि प्रतिशत ३०.३१ र जनसंख्या वृद्धिदर २.६५ प्रतिशत रहेको छ ।

बि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार कीर्तिपुर नगरपालिकाको कुल जनसंख्या ६५,६०२ जना रहेको छ । देशको कुल जनसंख्याले ०.२५ प्रतिशत जनसंख्या मात्र यस नगरपालिकामा रहेको छ । उक्त जनसंख्यामा पुरुषको संख्या ३६,४७६ (५५.६०) प्रतिशत र महिलाको संख्या २९,१२६ जना (४४.४) प्रतिशत रहेको छ । महिला पुरुष भन्दा ७,३५० जनाले कम छ । त्यस नगरपालिका क्षेत्र भित्र लगभग घर धूरी संख्या १९,४४१ भैसकेका छन् । अझ जनसंख्या तथा घर धूरी बढ्ने क्रम जारी छन् । नेवाः जातिको बाहुल्यता रहेको यस ठाउाको मुख्य-मुख्य जातजातिको विवरण निम्न लिखित छ । जस्मा जनसंख्या २४,४४१ नेवाः, १५,८८३ ब्राम्हण १३,३७० क्षेत्री, ३,४१९ तामाङ्ग, १,९३६ मगर, ८२८ राई, ६४४ थारु, ५६१ ठकुरी, ४९६ गुरुङ्ग, ४४७ यादव, ३६७ कामी, ३२० लिम्बु, २३९ दमाइ, २३१ सार्की, १९२ मुसलमान, १२४ तेली १२३ सन्यासी, ११३ धर्ती, ११२ कुस्वाहा आदि रहेका छन् ।

## तालिका १

## नेवाः समुदायको जनसंख्या र मातृ भाषा बोल्ने तथ्यांक

| नेवाः समुदायको जनसंख्या र मातृ भाषा बोल्ने तथ्यांक | जम्मा २०६८ सससाल | जम्मा प्रतिशत ( कुल जनसंख्या को) | जम्मा २०५८ सससाल | जम्मा प्रतिशत ( कुल जनसंख्या को) | जम्मा २०४८ सससाल | जम्मा प्रतिशत (कुल जनसंख्या को) |
|---|---|---|---|---|---|---|
| | | | नेपाल | | | |
| कुल जनससंख्या | २,६४,९४,५०४ | १०० % | २,३१,५१,४२३ | १०० % | १,८४,९१,०९७ | १०० % |
| नेवाः समुदायको जनसंख्या | १३,२१,९३३ | ४.९९ % | १२,४५,२३२ (१२,४२,२३२) | ५.४८ % | १०,४१,०९० | ५.६३ % |
| नेवारी मातृ भाषा | ८,४६,५५७ | ३.२० % | ८,२५,४५८ | ३.६३ % | ६,९०,००७ | ३.७३ % |
| | | | काठमाण्डौ | | | |
| कुल जनससंख्या | १,७४४,२४० | १०० % | १,०८१,८४५ | १०० % | ६,७५,३४१ | १०० % |
| नेवाः समुदायको जनसंख्या | ३८३,१३६ | २१.९६ % | ३,२०,२४४ | २९.६ % | - | ३८.२४% |
| | | | कीर्तिपुर नगरपालिका | | | |
| सबै जातिको जनससंख्या | **६५,६०२** | १०० % | **४०,८३५** | १००% | **३१,३३८** | १०० % |
| नेवाः समुदायको जनसंख्या | २४,४४१ | ३७.२६ % | - | - | २२,७१० | ७२.४७ % |
| नेवारी मातृ भाषा | २३,०६५ | ३५.१६ % | - | - | १७,१८५-२२,३९६ | ५४.८४% - ७१.४६% |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनसंख्या तथ्यांक ।

तालिका २

कीर्तिपुर नगरपालिकाको मातृभाषाका आधारमा जनसंख्याको विवरण

| | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| सबै मातृ भाषा | **६५,६०२** | **३६,४७६** | **२९,१२६** |
| नेपाली | ३४,९०० | २०,१२८ | १४,७७२ |
| नेवाः | २३,०६५ | ११,३७८ | ११,६८७ |
| तामाङ | २,४९७ | १,३३८ | १,१५९ |
| मैथली | १,४३२ | १,१४९ | २८३ |
| मगर | ६४१ | ३५५ | २८६ |
| थारु | ४७३ | ३४९ | १२४ |
| भोजपुरी | ३५४ | २४३ | १११ |
| गुरुङ | २८० | १४२ | १३८ |
| अवधि | ६० | ५५ | ५ |
| बान्तवा | ४० | १७ | २३ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनसंख्या तथ्यांक, २०६८ ।

तालिका ३

कीर्तिपुर नगरपालिकाको जात/जातिहरुको आधारमा जनससंख्याको विवरण

| | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| सबै जाति | ६५,६०२ | ३६,४७६ | २९,१२६ |
| नेवाः | २४,४४१ | १२,०८७ | १२,३५४ |
| ब्राहमण-पहाड | १५,८८३ | ९,९४५ | ५,९३८ |
| क्षेत्री | १३,३७० | ७,४३३ | ५,९३७ |
| तामाङ | ३,४१९ | १,८११ | १,६०८ |
| मगर | १,९३६ | १,०३० | ९०६ |
| राइ | ८२८ | ४४७ | ३८१ |
| थारु | ६४४ | ४५८ | १८६ |
| थकाली | ५६१ | ३७५ | १८६ |
| गुरुङ | ४९६ | २६५ | २३१ |
| यादव | ४४७ | ३८१ | ६६ |
| कामी | ३६७ | २०१ | १६६ |
| लिम्बु | ३२० | १९६ | १२४ |
| दमाइ | २३९ | १२१ | ११८ |
| सार्की | २३१ | ११९ | ११२ |
| मुसलमान | १९२ | १५२ | ४० |
| तेली | १२४ | ९८ | २६ |
| संयासी/दशनामी | १२३ | ७२ | ५१ |
| धर्ती/भुजेल | ११३ | ५९ | ५४ |
| कोइरी/कुस्वाहा | ११२ | ८५ | २७ |
| माझी | ९९ | ५८ | ४१ |
| हजाम/ठाकुर | ८४ | ६२ | २२ |
| ब्राहमण/तराइ | ७४ | ५१ | २३ |
| ढानुक | ७३ | ६५ | ८ |
| शेर्पा | ६३ | ३३ | ३० |
| चेपाङ/प्रजा | ४९ | २७ | २२ |
| हलुवाइ | ४८ | ३१ | १७ |
| कायष्ठ | ४७ | ३४ | १३ |

| | | | |
|---|---|---|---|
| कुर्मी | ४६ | ४० | ६ |
| कलवार | ४१ | २९ | १२ |
| ठकाली | ४० | २१ | १९ |
| कुमाल | ३७ | २२ | १५ |
| गाइनी | ३६ | २१ | १५ |
| सुढि | ३५ | ३० | ५ |
| कठवनियान | ३४ | २० | १४ |
| राजवंशी | २८ | १७ | ११ |
| दनुवार | २७ | १६ | ११ |
| सुनुवार | २६ | १६ | १० |
| भोटे | २५ | ८ | १७ |
| मार्वाडी | २३ | १० | १३ |
| राजपूत | २२ | १७ | ५ |
| वाढी | २२ | १४ | ८ |
| चमार/हरीजन/राम | १७ | १४ | ३ |
| कानु | १७ | १० | ७ |
| कुम्हार | १७ | १४ | ३ |
| माली | १५ | ९ | ६ |
| लोहार | १४ | १३ | १ |
| थामी | १४ | ७ | ७ |
| सोनार | ११ | ९ | २ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनसंख्या तथ्यांक, २०६८ ।

## ३.३ संकलित सूचना एवं सामाग्रीहरुको समिक्षा

सन्दर्भ सामाग्रीहरुको अध्ययन एवं स्थलगत भ्रमणबाट प्राप्त सामाग्री एवं सूचना र जानकारीहरुको समिक्षा गरिएको र त्यस पछि लिपिवद्ध गरिएको थियो ।

## ३.४ सान्दर्भिक अध्ययन सामाग्रीहरुको समिक्षा

नेवाः समुदायको विभिन्न पक्षहरु संग सम्वन्धित आवश्यक सामाग्रीहरुको संकलन र अध्ययन गर्ने ।

सान्दर्भिक अध्ययन सामाग्रीहरुको समिक्षा, यस अध्ययन कार्यको लागि आवश्यक पर्ने जानकारी प्राप्त गर्न सूचना, पुस्तक, पत्र, पत्रिका संकलन गर्न विभिन्न पक्ष, व्यक्ति संग विभिन्न सन्दर्भ ग्रन्थ, दस्तावेज, अभिलेखहरुको समिक्षा गर्न प्रयास गरिएको थियो ।

# अध्याय - चार

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

प्राचिनताको दृष्टिकोणवाट कीर्तिपुर काठमाडौं उपत्यकाको प्राचिन बस्तीहरु मध्ये एक पर्न आउंछ । कोदुवाल पर्वत माथि मञ्जुश्रीले खड्ग प्रहार गरी दहको रुपमा रहेको यहांको पानी दक्षिण दिशातिर पठाए पछि सबै भन्दा पहिले मान्छेहरुको बसोबास कीर्तिपुर डााडोमा बस्ती बसेको भन्ने भनाई छन् । हालसम्म थाहा भए अनुसार नेपालमा सवै भन्दा पहिले राज्य गर्ने शासकहरु गोपाल बंशका हुन् । यिनिहरुलाई “ग्वाला” भनिन्छ । ग्वालाहरुको वस्ती हाल सम्म कीर्तिपुरमा विद्यमान छन् । कीर्तिपुरमा ग्वाला पूखु ( ग्वाः पूखु) को नामवाट एक पोखरी पाइन्छ । साथै कीर्तिपुरको एक ग्वालाको गाईबाट पशुपतिनाथ फेला परेको कुरा गोपालराज वंशावली उल्लेख छ पनि भनिन्छ ।

कीर्तिपुरको पुरानो नाम “गुादे” हो । वि.सं. ११११४ मा जन्मेका राजा शिवदेवको किर्ति फैलाउने किर्ति भएकोले यस शहरको नामकरण कीर्तिपुर भएको इतिहासकार वताउन्छन् ।

कीर्तिपुर राजनैतिक हिसावले पनि प्रशिद्ध छन् । पृथ्वी नारायण शाहले उपत्यका हमला गर्न सब भन्दा पहिले कीर्तिपुरतिर हमला गरेका थिए । तीन पटकसम्म कीर्तिपुरवासीवाट नराम्रो हार खाएका थिए पृथ्वी नारायण शाहले । यसै कारण पनि कीर्तिपुरको नाउा इतिहासमा उल्लेख भएका छन् ।

त्यस्तै कीर्तिपुर धार्मिक दृष्टिले पनि महत्व पूर्ण छन् । कीर्तिपुर डााडा माथि उमा-महेश्वर मन्दिर, बाघ भैरव मन्दिर, चिलंचो बिहार, आदिनाथ मन्दिर, चोभारको गुफा, जलविनायक मन्दिर, टौदह (तःदहा) चम्पादेवी मन्दिर आदि विद्यमान छन् । त्यस्तै पाागा, नगाउा, (नगाा) चम्पा देवी मन्दिर आदि विद्यमान छन् । त्यस्तै पाागा, नगाउा, (नगाा) भाजंगाल (भाजंग): जस्ता पुरानो वस्ती पनि छन् । त्रि.वि.विद्यालय पनि यहां छन् । ( बज्राचार्य, १९९८)

कीर्तिपुर नेवाःहरुको पुरानो वस्ती हो । यहाा प्रायः पहिला पहिला नेवाःहरु मात्रको बस्ती थिए । पछि विस्तारै अन्य जातिहरुको वस्ती भएका हुन् । अहिले कीर्तिपुर शहर नगरपालिका भएका छन्, साथै यहां अहिले बस्ती बढदै गएको पाइन्छ । यहाा हिन्दु, बौद्ध, क्रिश्चियन, इस्लाम धर्म मान्ने मानिसहरुको वसोबास रहेको छ । कीर्तिपुर नगरपालिकालाई १९ वडामा विभाजन गरेको छ ।

## पर्यटकीय तथा धार्मिक क्षेत्र

**यस कीर्तिपुर डााडामा पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्व पूर्ण छन् ।**

**उमा-महेश्वर मन्दिर** : कीर्तिपुर डााडाको सवभन्दा उच्च भूमिमा उमा महेश्वर मन्दिर छन् । स्थानिय नेवाःहरु क्वाः च्व देग भन्ने गर्दछन् ।

**बाघ भैरव मन्दिर** : यो मन्दिर कीर्तिपुरको अर्को प्रमुख पर्यटक स्थल हो । बाघको मुद्रामा वसेको भैरवको अर्थमा यस मन्दिरको नामै बाघ भैरव रहेको हो । यस मन्दिरको दुई तला माथि अगाडि पट्टी गोरखामा राजा पृथ्वी नारायण शाह विरुद्ध युद्ध लडेका बेलामा कामी कालु पााडेको विरगति प्राप्त भएको बेलाको हतियार लगायत अन्य प्रयोग गरिएका हतियारहरु टाागिएको देखिन्छ ।

**चिलंचो विहार** : यस कीर्तिपुर डााडो माथि एक प्राचिन विहार ( चिलंचो वहाः ) छन् । यो विहारलाई पद्म काष्ठगिरी महाविहार पनि भनिन्छ । उक्त बिहार र चैत्य भारतका सम्राट अशोकद्वारा स्थापना गरेको अनुमान छन् । नेपालको इतिहास लेख्ने म्बलष्भा ध्चष्नजत ले सम्राट अशोक उपत्यकामा आएको बेलामा कीर्तिपुरमा पनि एउटा स्तूप बनाएको उल्लेख छ । यस विहारको चारैतिर बज्राचार्यहरुको वस्ती पनि बसालेको छ । पुरातत्वविद्हरु यहााको चैत्यको आकार- प्रकार अन्य चैत्यको भन्दा विशिष्ट भएको बताउंछन् ।

**आदिनाथ मंदिर** : पर्यटकीय दृष्टिकोणबाट अर्को महत्वपूर्ण स्थल चोभार हो । चोभार शव्द नेवाःहरुले प्रयोग गर्ने "च्व वाहा" शव्दवाट विकृत भई चोभार हुन गएको भनिन्छ । यस डााडा माथि आदिनाथ मन्दिर छन् । यहाा दिनको सयौं भक्तजनहरु आउाछन् । बंशावली अनुसार यो मन्दिर अंशुवर्माले बनाउन लगाएको भनिन्छ । काठमाडौं उपत्यकाको चार करुणामय मध्य चोभारका आनन्दादिलोकेश्वर (आदिनाथ) पनि एक हुन् ।

**<u>चोभारको गुफा</u>** : चोभार डााडाको पूर्व दिशामा गुफा पनि पर्यटकिय दृष्टिकोणबाट महत्वपूर्ण छ। यो गुफा लाई "चखुाति-बखुंति" भनिन्छ। यस गुफा भित्र प्रवेश गर्दा भरपर्दो बत्ति लिएर जानु पर्दछ। साथै यो गुफा भित्र प्रवेश गर्न स्थानिय व्यक्ति लिएर जानु जरुरी छ।

**<u>जल-बिनायक मंन्दिर</u>** : चोभारको गल्छी नजिकै एक पुरानो गणेशको मन्दिर छ। स्थानिय नेवाःहरु यस लाई "क्वेना गणेद्य" भदछन्। यहां पनि भक्तजनहरु निकै आउने गर्दछन्।

**<u>टौदहः</u>** : टौदहः पनि कीर्तिपुर क्षेत्रको एउटा महत्वपूर्ण पर्यटकीय स्थल हो। यो दहलाइ कर्कोटक नागको बासस्थान पनि भनिन्छ। उपत्यकाको पानी बाहिर गए पछि नागलाई बास दिनलाई यो दह बनाएको भन्ने भनाई छ। यो दह दक्षिणकाली जाने बाटो परेकोले त्यहाा आवतः जावत गर्ने व्यक्तिहरु यहाा आउने गर्दछन।

कीर्तिपुरमा त्यस्तै चम्पादेवी डााडा पनि छन्। यस डााडामा चम्पक फूलहरु घेरै फुल्ने भएकोले चम्पा देवी रहन गएको भनाई छन्। चीनबाट श्री महामञ्जुश्री स्वयम्भु दर्शन गर्न आएको र साथमा संगै श्रीमतीहरु वरदादेवी देशनी फुलचोकी पर्वतमा र मोक्षादेवी-उपदेशनी ध्यानोच्चगिरी अर्थात् चम्पादेवी पर्वतमा बसालेको कुरा वंशावलीमा पाइन्छ। (बज्राचार्य, १९९८)

## जनसंख्याको तालिका


कीर्तिपुर नगरपालिको कूल क्षेत्रफल १४.७५ स्क्वायर कि.मि रहेको छ, जहाा २०६८ सालको जनगणना अनुसार अन्य विवरण यस प्रकार छन् ।

### तालिका ४
### कीर्तिपुर नगरपालिकाको वडाका आधारमा घरधूरी र लिङ्को विवरण

| वार्ड नं. | घरधूरी | पुरुष | महिला | कूल जनसंख्या | क्षेत्रफल/हा |
|---|---|---|---|---|---|
| **१** | १९१५ | ३६७४ | ३०३४ | ६७०८ | ४३.११ |
| **२** | १८६३ | ३६१० | ३११८ | ६७२८ | ७१.८९ |
| **३** | २५०२ | ४३५२ | २९९१ | ७३४३ | १७०.७५ |
| **४** | ६९० | १३२४ | १०७२ | २३९३ | ५.९३ |
| **५** | ९८५ | १९०१ | १५३८ | ३४३९ | २५.०८ |
| **६** | ४२९ | ८३७ | ८४४ | १६८१ | २५.१९ |
| **७** | ७०० | १४५३ | १४२४ | २८७७ | २२९.२८ |
| **८** | ५०४ | ११३३ | ११६३ | २२९६ | ३१३.४० |
| **९** | ७७१ | १३३९ | ९३३ | २२७२ | ८.८४ |
| **१०** | ५८८ | ११०८ | ८२६ | १९३४ | ८.३५ |
| **११** | ११४८ | २१४० | १५४१ | ३६८१ | ८५.८२ |
| **१२** | ८७९ | १६८१ | १३९६ | ३०७७ | ७२.८२ |
| **१३** | ३६० | ६७५ | ७११ | १३८६ | १२६.९४ |
| **१४** | ४६८ | १०४७ | १०८२ | २१२९ | १०२.८० |
| **१५** | ८५० | १८६४ | १९०३ | ३७६७ | २३५.११ |
| **१६** | ७९२ | १४२९ | १०८१ | २५१० | ८७.६६ |
| **१७** | २०५३ | ३४८२ | २२५० | ५७३२ | ५६.१२ |
| **१८** | १७२२ | २९३४ | १७२७ | ४६६१ | ३४.५२ |
| **१९** | २२२ | ४९३ | ४९२ | ९८५ | ९७.७४ |
| **जम्मा** | **१९४४१** | **३६४७६** | **२०१२६** | **६५६०२** | १८०१.३५ |

श्रोत: कीर्तिपुर नगरपालिका कार्यालय-२, २०६८ ।

## कीर्तिपुर नगरपालिकाको नक्सा




श्रोत: कीर्तिपुर नगरपालिका कार्यालय-२, २०६८ ।

## ४.२ नेवाः समुदायको भाषिक स्थिति

नेपालको भू-वनोट, विभिन्न राजनीतिक, सामाजिक विविधता आदि कारणले गर्दा काठमाडौं उपत्यकाको साथै प्रायः जसो नेवाःहरु नचाहादा नचाहादै "आफ्नो मातृभाषा, नेपाल भाषा" समेत बिर्सेर आफ्नो छोरा–छोरीहरुलाई समेत नेपाल-भाषा बोल्नबाट बंचित भएको छ । एक त सामाजिक शोषणका कारण मातृभाषाबाट बचित भएको तीतो अनुभव भएको छ । यस्तै गरी नेवाः समाजको सांस्कृतिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष, राजनैतिक पक्ष र सरकारी भाषा नीतिका अनेक कारणले र विगतका राजनैतिक कारणबाट समेत मातृभाषाको कालखण्ड खिाइदै खिाइदै गएको अनुभव भएको छ ।

कीर्तिपुर नगरपालिका वडा नं. ९-१० का स्थानिय केहि व्यक्ति जो बुढा पाका, तन्नेरी, केटा-केटी र स्कूल कलेजका स्थानिय व्यक्तिहरुसाग आफ्नो मातृभाषा विषय छलफल तथा प्रश्नोत्तर गर्दा खेरी स्थानिय व्यक्तिहरुको भनाई यथार्थ पेश गर्ने जमर्को गरेको छु ।

कीर्तिपुर वडा नं.९ बस्ने एक जना बृद्ध बाबु महर्जन साग प्रश्न सोधे ? के तपाईहरु आफ्नो घर, टोलमा आफ्नो मातृभाषाबाट कुराकानी गर्ने कि अन्य भाषाबाट कुरा गर्न रुचाउन हुन्छ ? उहाले तुरुन्तै जवाफ फर्काउन भयो । म त बुढा मान्छे, आफ्नै मातृभाषा बोल्छु । अन्य केटा - केटी बरु खस नेपाली बोल्छन् । आफ्नो भाषा कमै बोल्छन् भन्ने जवाफ दिए । अनि त्यस्तै एक जना युवक, जो स्थानिय व्यक्ति हुन् । उनलाई पनि प्रश्न गरे ? के तपाई आफ्नो घर परिवारमा कुरा गर्दा कुन भाषामा कुरा हुन्छ भनी सोधें ? उनले पनि हामी ठुला बुढा बुढीहरु नेवारीबाटै कुरा गर्छौं ? तर केटा केटीले भने आफ्नो मातृभाषा बोल्दैन भन्ने जवाफ दिए । साथै केटा केटीले आफ्नो भाषा छोड्दै गएको गुनासो पोखें ।

कीर्तिपुरको वडा नं. १० बस्ने स्थानिय महर्जन थरका युवकसाग भाषा विषय जिज्ञासा राखे । उनले पनि आजकल केटा-केटीले मातृभाषा बोल्न छोडेका भनाई थियो । केटा केटी प्रायः नेवारी भाषा बोल्न छोडेको जवाफ दियो । स्कूल कलेजमा पढ्ने अधिकांश युवा-युवती नेपाली भाषा बोल्दछन् । मातृभाषाबाट बोल्ने संख्या ऱ्हास आएको छ भनेका छन् । त्यस्तै एक जना अधवैंसे आइमाई साग कुराकानी गर्दा उनले पनि आफ्नो छोरा-छोरी

नेवारी भाषा विर्सन्दै गएको छ भन्ने जवाफ दिए । प्राय : उनीहरु खस नेपाली भाषा बोल्न रुचाउने बताए ।

स्कूल तिर वसिरहेका विद्यार्थीहरुहरु साग कुरा गर्न स्कूल तिर गएर केहि विद्यार्थीहरुसाग तिमीहरु नेवाः समुदायको, घर, छिमेकी टोलका साथी भाई साग कुरा गर्दा कुन भाषा बोल्छौ भन्ने प्रश्न गरे । उनीहरुको जवाफ थियो खस नेपालीबाट बोल्ने भनी जवाफ फर्काए । त्यहाा थुप्रै केटा केटीसाग कुरा गर्दा थाहा भयो । उनीहरु आफ्नो मातृ-भाषा बोल्न छोडी सकेको भन्ने जवाफ प्रायः सबैको थियो ।

केहि स्थानिय बृद्धहरुसाग कुराकानी गरें । नेवाः समुदायको केटा-केटी आफ्नो भाषा किन बोल्दैन भनी प्रश्न गरें । उनीहरुको जवाफ थियो के गर्ने स्कूल कलेजमा पढ्न जाादा खस नेपालीबाट मात्र पढाई हुन्छ । उनीहरुलाई बाध्य भएर सानो बच्चा देखि नेपाली सिकाउनै पर्‍यो, त्यै भएर उनीहरु नेवारी बोल्न जान्दैन भनी जवाफ दिए ।

यी माथिका उदाहरण हुन् नेवाः समुदायका बाल बच्चा, केटा, केटीले नेवारी भाषा बोल्न छोडी सकेको यथार्थ कारण हो ।

त्यस्तै कीर्तिपुरका बुद्धिजीवी वर्गसंग पनि छलफल गरेका थिए । उहााहरुको भनाई पनि यस प्रकार रहेको पाइयो ।

केहि स्थानिय बुद्धिजीवी तथा सरकारी सेवाबाट निवृत कर्मचारी संग पनि नेपाल - भाषाको न्हास भएका कारणहरु सोधेका थिए । डा. चन्द्रमान बज्राचार्य संग पनि नेवाः समुदायमा आफ्नो मातृभाषा बोल्न नयाा पुस्ताले छोडेको कारण सोधेकोमा उहांले नेवाः जातिको नयाा पुस्ताले बाध्यातावश आफ्नो मातृभाषा छोडेको बताएका छन् । यस्को कारण नेपाल सरकारको भाषा नीतिलाई दोष दिएका छन् । त्यस्तै निवृत्त सरकारी सेवाका एक जना संगा पनि प्रश्न सोधें । के कारण हो ? नेवाः जातिले आफ्नो मातृभाषा बोल्न छोडदै गएको ? उनले पनि नेपालमा एकल भाषा नीतिको कारणले आफ्नो मातृभाषा बोल्न छोड्दै गएको बताए । कारण घेरै छन् । सरकारी सेवामा प्रवेश गर्न खस नेपालीबाट नै लेख्नु पर्ने वाध्यता छ । त्यस्तै स्कूल कलेजमा पढाई हुन्छ, खस नेपाली भाषाबाटै । पुस्तक, किताव सबै नेपालीमा नै लेखेको हुन्छ । के गर्ने ? उपायनै छैन । यी सब कारणले गर्दा नयाा केटा केटी, युवक युवती सबैले बाध्यतावश आफ्नो मातृभाषा छोड्दै जानु पर्‍यो । केहि उपाय नै

छैन् । केहि ठूला बडा व्यक्तिले नेवाः समुदायमा भाषामा ऱ्हास आउनु चिन्ताका विषय बताएका छन् ।

## ४.३ भाषामा ऱ्हास आउनुको कारण

नेपाल सरकारको भाषा नीतिले गर्दा नेवाःहरुले आफ्नो मातृभाषा बोल्नु छोड्नु कारण प्रमुख छन् । राज्यको असमान भाषा नीतिले गर्दा अन्य भाषा ओभ्रेलमा पर्न गएको हो । राणाकालमा एउटा भाषा बाहेक अर्को भाषाको निकै दमण गरे । त्यस्तै पंचायत कालमा पनि एउटै भाषाको मात्रै राज्यले स्वीकार गरेर अन्य भाषा-भाषीको अस्तित्वलाई मान्न सकेन । नेपाल एउटा बहुभाषिक, बहुजातिय, बहुसास्कृतिक, बहुधार्मिक देश हो । यसमा कसैको दुई मत छैन । तर सरकारको रवैया भने एउटै भाषा, एउटै भूषा, एउटै धर्मको नीतिमा गईरहेको छ । यो विडम्बना नै भन्नुपर्ला । प्रसिद्ध विद्वान समेण रोमेनको भनाई छ जहााको जनता आफ्नो मातृभाषाको प्रयोग गर्दैनन् । त्यहाा लोकतन्त्र एकदमै संकुचित भएर जान्छ । लोकतन्त्रमा भाषिक अधिकार पनि एउटा मुख्य मुद्दा हुने गर्छ ।

यस्तै संसार प्रसिद्ध भाषाविद बेन्जामिन लीका अनुसार भाषाले नै संस्कृतिको निर्माण गर्दछ । यो नै समाजको नीति हो । त्यसैले हरेक व्यक्तिले आफ्नो मातृभाषाको अधिकारलाई छोडन मिल्दैन भन्छ । मातृभाषाको संरक्षण र संवर्द्धनका लागि राज्यले त्यत्तिको ध्यान दिएको छैन । यो नै राज्यको ठूलो कमजोरी हो ।

२) राज्यसत्तामा बस्ने जातिबाट अरु जातिको भाषा माथि दमन, शोषण गरेको कारणले यहााका आदिबासी जनजातिहरु पिच्छडिएको कारण पनि एक हो । इतिहासको कालखण्डमा नेपालको मुलवासी जुन आदिबासी जनजाति हुन्छ । उनीहरुलाई सांस्कृतिक, आर्थिक, सामाजिक भाषिक अधिकारबाट वंचित तुल्याएको कारणले पनि आफ्नो मातृभाषाबाट बोल्न, लेख्न नपाइने कारणले पनि नेपाल भाषाको ह्रास आएको हो ।

३) नेपालको राज्य व्यवस्थामा शाहकालिन, राणाकालिन ताकातिर एकल जाति खस बाहुन, क्षेत्री, जातिको मात्र पहुंच भएको कारणले खस नेपाली भाषा बोल्न, लेख्न, बाध्य गराइयो र यहााको आदिबासी/जनजातिहरु माथि सांस्कृतिक, भाषिक, सामाजिक दमण शोषणमा पारिएको कारणले पनि भाषिक उपलब्धी मा गिरावट आएको मुख्य कारण हुन् ।

## ४.४ नेपाल सरकारको भाषा नीति

नेवाः समुदाय ९भ्तजलष्ठ न्चयगउ० मा आफ्नो मातृभाषा बोलिने संख्यामा ह्रास आएको विभिन्न कारण छन् । सर्वप्रथम नेपाल सरकारको भाषा नीति नै प्रमुख छन् ।

**शाहकालः** गोरखाको राजा पृथ्वी नारायण शाह “नेपाल उपत्यका” कब्जा गरे पछि सम्पूर्ण नेवाः सत्ताबाट विस्थापित भई खस समुदायको दवावमा परे र सत्ताबाट हताएपछि सरकारी काम काज सबै खस भाषाबाट गर्न थाले । सम्पूर्ण नेवाः जातिको अधिकारबाट बंचित तुल्यायो र नेवाः समुदाय शोषित र उत्पीडित वर्गको रुपमा रहन बाध्य बनाइए ।

**राणाकालः** शाहकाल पछि राणा कालमा झन् नेवाः समुदाय लगायत अन्य जाति समुदायमा पनि निकै कडा शोषण र दमनमा परेका थिए । नेवाः लगायत सबै बिजित समुदायहरु शासन व्यवस्थावाट विस्थापित हुनु पुग्यो । राणाकालमा यहााका जनता रैतीको स्तरमा पुग्यो । राणा प्रधानमन्त्री चन्द्र शमशेरले नेवाः समुदायको भाषा संस्कृति, साहित्य र इतिहास नष्ट गर्ने प्रयास गरे । उनले नेपालमा चलि आएको नेपाल सम्वत्को सट्टा बिक्रम सम्वत् लाई आधिकारिक संवत् बनाए । साथै नेवाः समुदायको भाषा, लिपीबाट नेपाल-भाषा बोल्न, लेख्न र व्यवहारमा ल्याउन बन्देज गरे ।

**पंचायत कालः** राणा काल पछि पंचायत कालमा पनि नेपालका आदिवासी, जनजातिको भाषा माथी दमन गर्ने नीति अख्तियार गरे । यहां सम्म कि पंचायती शासकहरुले खस नेपाली भाषाको उत्थान गर्ने नीति लिए । मात्र एउता भाषा, एउता भेष भन्ने नारा अंगिकार गरेर अरु भाषा प्रति दमण गर्ने नीति लिएका थिए । पंचायती कालमा एउटा भाषा, एउटा भेष का नाउामा अन्य जनजातिको भाषा, संस्कृतिमाथि दमनको नीति थियो । स्कूल, कलेज, अड्डा अदालत सरकारी कार्यालय आदिमा खस नेपाली मात्र लेख्न पर्ने जसले गर्दा अन्य भाषा भाषीको अधिकार खोसियो । रेडियो नेपालमा एउटा नेवाः समुदायको भाषा, जिवन दबूको कार्यक्रम समेत हटायो । अड्डा अदालतमा मात्रभाषा बाट लेखिएको बोर्ड र लिपी पनि लेख्न दिएन । यहासम्म कि सवोच्च अदालतले नेपाल भाषा, मैथिली भाषाबाट गर्दै आएको सरकारी काम काज रोक्न आदेश दियो । यसबाट सिद्ध हुन्छ कि एउटा मात्र खस भाषाको प्रयोग गर्ने र अरु भाषा संस्कृतिलाई निर्मूल पार्ने सुनियोजित मनसाय थियो ।

मल्लकालमा नेपाल भाषाको निकै उन्नति र प्रगति भएको थियो । तर नेपालको एकीकरणको नाममा नेपाल मण्डल उपत्यकाको राज्य माथि दमन गरी आफ्नो अधिनमा पारेपछि यहााको जाति माथि निकै दमन, शोषण र अत्याचार गरे । “नेवा” भाषा ( “ नेपाल भाषा” ) को ठाउामा एउटा मात्र खस नेपाली भाषा लादियो । स्कुल, कलेज सरकारी कार्यालय विभिन्न संघसंस्था आदिमा खस नेपाली मात्र लेख्न, पढन, बोल्न पाउने गरियो । सरकारी कार्यालय मा स्कूल, कलेज, जहाातही एउटै भाषा मात्र प्रयोग गर्न पाइने गर्दा नै अन्य भाषा-भाषीको बोलिने संख्यामा ह्रास आएको हो । सरकारको भाषा नीतिले गर्दा बाध्य भई नेवाः समुदायमा आफ्नो छोरा, छोरीलाई खस भाषामा पढ्न, लेख्न बोल्न सिकाउने बाध्य भयो । यी विभिन्न कारणले गर्दा नेपाल भाषा बोलिने संख्यामा ह्रास आएको मुख्य कारक तत्व मानिन्छ ।

यसरी नेपालमा शाह काल, राणा काल र पंचायती काल खण्डमा नेवाः लगायत सम्पूर्ण जन-जाति, आदिवासीको मातृ-भाषा बोल्ने, लेख्ने अधिकारबाट वंचित हुन पर्‍यो र राज्यमा एकल जाति, एकल भाषा र संस्कृतिको प्रभुत्वका कारण अरु सबै समुदायको भाषा, संस्कृतिको ऱ्हास हुन गयो ।

# अध्याय - पांच

# सारांश/निष्कर्ष

## ५.१ सारांश र निष्कर्ष

नेवाः र नेपाल घनिष्ट रुपले अति प्राचिनकाल देखि नै अन्तर सम्वन्धित हुंदै आएको कुरा औल्याइएको छ । नेपाल शव्दको उत्पति र विकास प्रक्रियामा नै नेवाः समुदायको गहिरो संलग्नता रहेको पाइएको छ । जातिवाचक नेवाः नाम वास्तवमा देश राष्ट्रवाचक नेपालकै अर्को रुप हो भन्ने कुरा दर्शाइएको छ । त्यस शव्दको उत्पत्ति र विकाससित सम्वन्धित विभिन्न सिद्धान्तहरुको चर्चा गरिएको छ । “नेवाः” नेपाल उपत्यकाको आदिवासी र जनजाति हुनुको साथै “नेवाः” वास्तवमा एउटा राष्ट्र नै हो भन्ने कुराको पुस्ट्याइ पनि गरिएको छ । नेवाः समुदायको वनावटको सन्दर्भमा वास्तवमा नेवाः कुनै जात नभई यसमा विभिन्न जातिय समुहहरुको समिश्रण रहेको छ । प्राचिनकाल देखि अठारौं शताव्दिको उत्तरार्द्धसम्ममा नेपाल उपत्यका ( हाल काठमाडौ उपत्यका) भित्र प्रवेश गरेका गोपाल, महिषपाल, किरात, लिच्छवी, वैश, ठकुरी, ठकुजुजु, मल्ल, सिंह वंशका सवै राजाहरु र तत्कालिन निवासीहरु सवैले नेपाल भाषालाई आफ्नो मातृभाषाको रुपमा अंगिकार गर्नुको साथै उपत्यकामा विकास भएको संस्कृति र सभ्यतालाई आफ्नो जीवन पद्धतिको अभिन्न अंग बनाइ आफूलाई नेवाः समुदायको रुपमा रुपान्तरण गरेका थिए । अतः अठारौं शताव्दिको उत्तरार्द्ध सम्ममा नेपाल उपत्यका भित्र प्रवेश गरी यहांको नेपाल भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरेका जातजाति एवं वंशजहरुका व्यक्तिहरुको समूहहरु नै सामुहिक रुपमा नेवाः भएका थिए । त्यस्ता विभिन्न जातजाति एवं वंशजहरुको व्यक्तिहरुले आ-आफ्नो पुरानो पहिचानहरुलाई पूर्ण रुपले परित्याग गरि नेवाःको रुपमा आफ्नो नयां पहिचान दिएका थिए । फलस्वरुप नेवाः एक मिश्रित जातिको रुपमा विकास हुन गएको र यसमा आर्य र मंगोलियन, बौद्ध र हिन्दू धर्मावलम्वीहरुको समिश्रण पाइनुको साथै विभिन्न संस्कृति र सभ्यताहरुको समिश्रणवाट नेपाल उपत्यकामा नेवाःहरुको आफ्नै किसिमको एउटा नयां समृद्ध संस्कृति र सभ्यताको विकास हुन गएको थियो । यसै सन्दर्भमा नेवाः समुदायले भारतीय सभ्यता, संस्कृति र जीवन पद्धतिवाट अलगिएको छुट्टै सभ्यता, संस्कृति र जीवन

पद्धतिको विकास गरेका थिए र यसवाट नै अन्ततः नेपालको छुट्टै राष्ट्रिय पहिचानको विकास हुन गएको थियो भन्नु अत्युक्ति हुने छैन । तसर्थ नेपाली राष्ट्रियताको विकासको क्रममा नेवाः समुदायले उल्लेखनीय योगदान दिएका थिए भन्ने कुराको पुष्ट्याई हुन आउछ । यसको अलावा नेवाः समुदायले आफ्नो भाषा, साहित्यको प्रशस्त विकास गर्नुको साथै आफ्नै किसिमको शासन व्यवस्थाको पनि विकास गरेको कुरा पाइन्छ । (डा. रेग्मी, २०३५)

भाषा - संस्कृति भनेको त्यस जातिको जीवन हो भन्ने राष्ट्रको गहना पनि हो । प्रत्येक जातिको आफ्नो भाषा र संस्कृति हुन्छ । त्यसलाई संरक्षण गर्नु प्रत्येक जातिको कर्तव्य हो भने देशको ठूलो दायित्व हो । किनभने भाषा र संस्कृति भनेको देशको अमूल्य धन पनि हो ।

त्यस्तै यस नेवाः समुदायको आफ्नो मौलिक लिपीहरु पनि धेरै प्रकारका रहेको छ । हाल प्रचलनमा आएका लिपी रंजना लिपी मात्र छन् । अरु लिपीहरु लोप हुंदै गएका छन् । त्यस लिपीहरु चलन चल्तीमा नआएका कारणले गर्दा त्यस लिपी जान्ने, बुझ्ने व्यक्तिहरु पनि नभएको हुंदा लोप हुंदै गई रहेको छ । नेपाल भाषाको लिपी ८।९ प्रकारका छन् । जस्तो कि भुजिंमोल लिपी, प्रचलित लिपी, कुटाक्षेरी लिपी, ब्राम्ही लिपी, गुप्ता लिपी, गोलमोल लिपी र रंजना लिपी आदि हुन् । यी नेपालका लिपीहरु लोप हुन्दै जानु देश र जनताको लागि निकै दुःखद कुरा हुन् । नेपाल सरकारले यी लिपी र भाषा तथा साहित्य संस्कृतिको संरक्षण गरी बचाई राख्नु कर्तव्य ठान्दछ । (श्रोतः नेपाल भाषा एकेडेमी)

नेपालको भू-वनोट, बाटो, घाटोको असुविधा, राजनैतिक, सामाजिक कारण, विभिन्न कारणले गर्दा काठमाडौं उपत्यकाको साथै सबै नेवाः समुदाय नचाहादा, नचाहन्दै आफ्नो मातृभाषा “नेपाल भाषा” बोल्नबाट बंचित भएको छ । एक त राजनैतिक शोषणका कारण मातृभाषाबाट बंचित भएको तितो अनुभव भएको छ । यसरी नेपाली समाजको राजनैतिक पक्ष, सरकारी भाषा निति, तथा अनेक विगतका निरंकुश शासकका कारणले नेपालका भाषा/भाषीहरुको आफ्नो मातृभाषा खिंइन्दै खिंइदै लोप हुने छााट देखा परेको छ ।

नेवाः समुदायमा आफ्नो मातृ-भाषा घट्दै गएको अनेक कारण छन् । ती मध्ये नेवाः समुदायले उपत्यका छोडी बाहिर हिमाल, पहाड, तराईमा बसाई साराई गर्दै जांदा अन्य ठााउका भाषा अपनाउनु पर्ने कारण पनि एक देखिन्छ । त्यस्तै दुर्गम स्थानमा जाादा वा हिमाल तिर बासाई सर्दै जांदा पनि त्यहांका स्थानिय भाषा बोल्नु पर्ने बाध्यता पनि हुन

सक्छ । अर्को सरकारी भाषा निति पनि प्रमुख कारण हुन् । स्कूल, कलेज, अदालत, कार्यालयमा एउटै नेपाली खस भाषाको माध्याम बाट पढाई हुन्छ, उस बाट पनि ठूलो संख्याले आफ्नो मातृ-भाषा वोल्न छोड्दै जानु पर्ने बाध्यता छ । सरकारी कार्यालय होस वा अन्य निकायमा खस नेपाली भाषाबाट नै लेख्नु पर्ने बाध्यताहरु छन् । यी सब कारणले गर्दा अन्य भाषा-भाषीले आफ्नो भाषा छोड्दै गएको आभाष हुन्छ ।

यसकारण नेपाल सबै भाषा/सस्कृतिको विकास, सम्वद्धन गरी लैजानु सरकारको पनि दायित्व हो । तर नेपालमा एउटा भाषाको मात्र विकास गर्ने गरेको र एउटै भाषालाई मात्र राज्यले लगानी गरेको हुंदा अन्य भाषा-भाषीको विकास नभएको हुंदा अन्य भाषा भाषीको दुर्गती भएको सबैले महसुस गरेका छन् । यसकारण सरकारी निकायले भाषा आयोग गठन गरी सबै जातीको भाषा, संस्कृति समान रुपमा भाषाको सम्वद्धन गर्नका लागी यथासिघ्र कदम चाल्न आवश्यक छ ।

तसर्थ सबै जनजाती, आदिवासीले पनि आ-आफ्नो भाषा, लिपी, साहित्य, कला र संस्कृति संरक्षण गर्न आजका तमाम नेवाः जाति, समुदाय लाग्नु पर्ने सबैको कर्तव्य र दायित्व हो ।

# सन्दर्भ ससामाग्री


आचार्य, बाबुराम । नेपाल सास्कृतिक परिषद् पत्रिका, बर्ष १.अकं २, पृ.९-१३ ।

आचार्य, बाबुराम (२०५४) । नेपालको साास्कृतिक परम्परा, श्री कृष्ण आचार्य, काठमाडौं, पृ. ९-१३, पृ. ३०-३१ । बि.सं. २०५४

बज्राचार्य, चन्द्रमान (१९९८) । कीर्तिपुर नगरपालिका भित्रका प्रमुख पर्यटन स्थलहरु : एक झलक । हिसि अफसेट प्रिन्टर्स । भिजीत नेपाल सन् १९९८

बज्राचार्य, धनबज्र, र राणा, हेमन्त (२०१४) । टिस्टुङ्ग-चित्लाङ भेकका ऐेतिहसिक सामाग्री । नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि.वि. । बि.सं. २०१४

बिष्ट, डोर बहादुर (१९७२) । पिपुल अफ् नेपाल । रत्न पुष्तक भण्डार । काठमाडौं, सन् १९७२

हेगन, टोनी (१९७१) । नेपालः दि किङद्म अफ दि हिमालयाज । अक्सफोर्ड आयण्ड आइ वी एच पब्लिशिङ्ग कम्पनी, नयाा दिल्ली, पृ. ८०, सन् १९७१

जोशी, सत्यमोहन । नेपालभाषा एकडेमी, नेपाल भाषा परिषद् । बि.सं. २०५९ माघ २३

लुमंके बहपिं (ने. सं. १०९०) । च्वसा पासा प्रकाशन ।

मल्ल, के सन्दर (११२०) । नेवा म्हसिका । सेवा प्रिन्टिङ प्रेस, पृ. ५-६ । ने.सं. ११२०

महर्जन, राजेन्द्र (२०७२) । *राज्यको निकायमा समान पहुाच* । नयाा पत्रिका, बैशाख १, २०७२

नेपाली, गोपाल सिं (१९६५) । *नेवारहरु : एक हिमाली समुदायको प्रजाती* । युनाइटेड एशिया प्रकाशन, मुम्वई ।

राजवंशी, शंकरमान र श्यामशुन्दर (२०५९) । नेपाल लिपी विकास । नेपालभाषा परिषद्, काठमाडौं, वि.सं. २०५९

राजभण्डारी, पुष्करप्रसाद । पुस्करप्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्री वंशावली, पृ. २३

रेग्मी, जगदीश चन्द्र (२०३५) । नेवारी संस्कृतिको रुपरेखाः नेपालयन भाग -२, । अफिस अफ नेपाल एण्टीक्वरी, काठमाडौं । वि. सं. २०३५ साउन ५

शाक्य, केशवमान (२०६८) । *नेवाः जाति व साास्कृतिक रुपान्तरण* । स्वःनिग न्हिपौ पत्रिका, कार्तिक १, २०६८

श्रेष्ठ, तुलसी नारायण (२०६६) । नेपालका नेवाःहरु पहिचान र पृष्ठभूमि । अनुसन्धान तथा विकास संस्था ९क्ष्लकतष्तगतभ ायच च्भकभबचअज बलम म्भखभयिउभलत, क्षच्म०, पृ. २, पृ. ६ । बि.सं. २०६६

श्रोतः नेपालभाषा एकडेमी, नेपाल भाषा परिषद् । ल्भउर्बा द्यजबकबस ध्पष्उभमष्ब, तजभ ाचभभ भलअथअयिउभमष्ब

श्रोतः नेपालभाषा शिक्षा अभियान । शिक्षामा मातृभाषा बारे श्रीमाननिय शिक्षामन्त्री गिरिराजमणि पोखरेलज्यूलाई पेश गरेका ज्ञापनपत्रमा आधारित ।

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनसंख्या तथ्यांक २०६८, भोल्युम ०५, टेवल १.२ पृ. १, टेवल १.३ पृ.१३० र भोल्युम ०६, टेवल २.३ पृ ४७, टेवल २.४ पृ.७०

तमोट, काशिनाथ (२०६४) । नेपालमण्डल । नेपालमण्डल अनुसन्धान गुथी, ललितपुर पृ. १८-१९

# अनुसूची

**स्थलगत अध्ययनको सन्दर्भमा छलफलको लागि तयार गरिएको खुल्ला रुपको प्रश्नावली**

१. **भूमिका :**

१.१ नाम

१.२ थर

१.३ ठेगाना

१.४ पेशा

२. **पुख्यौली थलो :**

२.१ तपाईको पुख्यौली थलो कहां हो ।

२.२ तपाई वा तपाईको पुर्खाले कहिले बसाई सर्नु भएको हो ?

२.३ के कस्तो परिस्थिति र के कस्तो कारणहरुबाट तपाई वा तपाईको पुर्खाले बसाइ सर्नु भएको थियो ।

३. **भाषा :**

३.१ के तपाई नेपाल भाषा, ( नेवारी भाषा ) बोल्न सक्नु हुन्छ ?

३.२ यदि सक्नु हुन्छ भने तपाईको परिवारमा नेपाल भाषावाट कुराकानी गर्ने चलन छ ।

३.३ यदि त्यस्तो छैन भने नेपाल भाषा सिक्नु पर्छ जस्तो लाग्छ वा लाग्दैन ?

**४. नेवाः समाजका संस्कारहरु :**

४.१ नेवाः समाजका विभिन्न संस्कारहरु मध्य कुन-कुन संस्कारहरु अपनाइ आउनु भएको छ ?

४.२ त्यस्तो संस्कारहरु अपनाउने कार्यमा के कस्ता अपठ्याराहरु आउंछ ।

**५. दुर्बल र सबल पक्षहरु**

५.१ नेवाः समुदायका केहि प्रमुख दुर्वल र सवल पक्षहरु के-के हुन् ? कृपया वताउनु होस् ।

**६. अन्तिम प्रश्न**

६.१ तपाईलाई भन्नु पर्ने अरु केहि कुरा भए कृपया वताउनु होस् ।

# परिशिष्ट

## अर्न्तवार्ता लिइएका प्रवुद्ध व्यक्तिहरु:

| सि.नं. | व्यक्तिको नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| १. | कृष्ण लाल मर्हजन | कीर्तिपुर | कृषि |
| २. | श्याम काजी तुलाधर | कीर्तिपुर | नोकरी |
| ३. | डा. चन्द्रमान बज्राचार्य | कीर्तिपुर | शिक्षक, बुद्धिजीवी |
| ४. | बाबुलाल डंगोल | कीर्तिपुर | कृषक |
| ५. | धनेष महर्जन | कीर्तिपुर | व्यापारी |
| ६. | ननिता महर्जन | कीर्तिपुर | विद्यार्थी |
| ७. | रोजन बज्राचार्य | कीर्तिपुर | व्यापारी |
| ८. | मन्जीत महर्जन | कीर्तिपुर | व्यापारी |
| ९. | लक्ष्मण महर्जन | कीर्तिपुर | व्यापारी |
| १०. | बाबु महर्जन | कीर्तिपुर | कृषक |
| ११. | पुष्प बज्राचार्य | कीर्तिपुर | बुद्धिजीवी |
| १२. | राम श्रेष्ठ | कीर्तिपुर | समाजसेवी |
| १३. | ज्ञान मायाा | कीर्तिपुर | बृद्ध महिला |
| १४. | बाबु महर्जन | कीर्तिपुर | बृद्ध |